मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## दैनिक २६ किलोमिटर हिँडेर काठमाडौँ ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरबाट असार २५ गते सुरु भएको मिटरब्याजविरुद्धको पैदल न्याय मार्च आइतबार चौथो दिन सर्लाहीको लालबन्दीबाट काठमाडौँतर्फ अघि बढेको छ ।
राज्यलाई ब्युँझाउन र आफ्ना हकअधिकार स्थापना गर्न उद्यमी तथा पीडितहरूले थालेको यात्राको गन्तव्य काठमाडौँ हो । न्यायको खोजीमा निस्किएका सहभागी 'चुपचाप तमसूक फाड' र 'अधिकार माग्न काठमाडौँ जान पर्दैन' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेर मार्चमा सहभागी भएका छन् ।
उनीहरू प्रत्येक दिन करिब २० देखि २६ किलोमिटर पैदल यात्रा गर्दै राजधानी प्रस्थान गरिरहेका छन् । आयोजकका अनुसार सरकारले चारपटक सहमति गरे पनि प्रतिबद्धता कार्यान्वयन नगरेकाले दबाब दिन फेरि काठमाडौँ गुन्जायमान बनाउनुपर्ने अवस्था आएको हो । उनीहरू करिब एक साताभित्र काठमाडौँ पुग्ने कार्यतालिका रहेको छ ।

● वर्ष ४ ● अंक २३५ ● २०८३ साल असार २९ गते सोमबार ● Monday 13, July 2026 ● सूर्योदय: बिहान ०५:२० बजे ● सूर्यास्त: साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# जमेको पानीमा डुबेर एकै परिवारका तीन सन्तानको मृत्यु



**मधेशदृष्टि**
**सिरहा।**
गोलबजार नगरपालिका–७ स्थित पुरानो चौक चोहर्वा क्षेत्रमा रहेको पशु हाटबजार परिसरमा पानी जमेको खाल्डोमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ।
मृत्यु हुनेमा अवास शेखकी १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया छोरी रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख छन्।
प्रहरीका अनुसार आइतबार दिउँसो घरबाट खेल्न निस्किएका तीनै बालबालिका पशु हाटबजार परिसरभित्र रहेको पानी जमेको खाल्डोमा पुगेका थिए। नुहाउने क्रममा उनीहरू डुबेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।
अवास शेखको स्थायी घर रौतहटको जिगरवा भए पनि उनी करिब ३० वर्षदेखि गोलबजार–७ मा परिवारसहित बसोबास गर्दै आएका थिए । कवाडी सामग्री संकलन गरेर जीविकोपार्जन गर्दै आएका उनको पाँच सन्तानमध्ये तीन जनाको एउटै घटनामा मृत्यु भएपछि परिवार शोकमा डुबेको छ।
स्थानीयका अनुसार उक्त खाल्डो पशुहरूलाई पानी खुवाउने उद्देश्यले बनाइएको थियो । वर्षाको पानी जमेर खाल्डो गहिरो बनेका कारण दुर्घटना भएको हुन सक्ने अनुमान गरिएको छ।
घटनापछि स्थानीयवासी र सुरक्षाकर्मीको सहयोगमा तीनै बालबालिकालाई तत्काल उपचारका लागि अस्पताल पु¥याइएको थियो । तर, चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका थिए।
घटनापछि स्थानीयवासीले सार्वजनिक स्थानमा रहेका यस्ता जोखिमपूर्ण खाल्डाखुल्डी सुरक्षित बनाउन तथा आवश्यक सुरक्षा व्यवस्थापन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# हट्यो अवरोध, विनियोजन विधेयक प्रस्तुत



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलगायतका विषयमा देखिएका समस्या समाधान गर्न कार्यदल गठन गरिएको छ।
मधेश प्रदेशसभाको आइतबारको बैठकमा सभामुख रामअशिष यादवले तत्काल कार्य प्रारम्भ गर्ने गरी प्रदेशसभा सदस्यहरु उपेन्द्र महतो, हरिनारायण महतो, जंगीलाल राय, प्रमोदकुमार यादव, सञ्जयकुमार यादव, बिमला अन्सारी तरुन्म र सरिताकुमारी ठाकुर रहने गरी कार्यदल गठन गरिएको घोषणा गरे । कार्यदलले कार्यविधि आफैँ निर्माण गर्नेछ।
साथै बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सरकारको विनियोजन विद्येयक २०८३ प्रस्तुत गरे । बैठकमा प्रदेशसभा सदस्य रविन्द्र श्रेष्ठले पेश गरेको मधेश प्रदेशसभा नियमवलीको नियम १३५ को उपनियम (२) र (३) निलम्बन गर्ने प्रस्ताव बहुमतले स्वीकृत भएको सभामुख यादवले घोषणा गरे । दुवै उपनियम निलम्ब भएसँगै सभामुख यादवले कार्यसूचीमा रहेका अन्य विषयहरु हटाए । प्रदेशसभाको अर्को बैठक असार ३० गते मंगलबार दिउँसो १ बजे बस्ने गरी स्थगित भएको छ।
असार १ गते प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन विद्येयकमाथिको छलफल गर्न असार १७ गते आह्वान गरेको प्रदेशसभाको बैठकमा प्रतिपक्ष दल जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधनको मागसहित बैठक अवरुद्ध गरेपछि सभामुख यादवले बैठक अर्को सूचना नहुञ्जेलसम्मका लागि बैठक स्थगित गरेका थिए।
मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रबद्र्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेका थिए । मधेश प्रदेश सरकारको विनियोजन विधेयक २०८३ प्रस्तुत भएको छ । प्रमुख प्रतिपक्षी जसपा नेपाल र जनमत पार्टीले बजेटबारे सदन अवरुद्ध गर्दा विनियोजन विधेयक प्रस्तुत हुनसकेको थिएन।
विवाद समाधानका लागि आइतबार कार्यदल गठनसँगै अवरोध हटेपछि अर्थमन्त्री युवराज भट्टराईले विनियोजन विधेयक प्रस्तुत गरेका छन्।

# नवविवाहिता मरिन् कि मारिइन् ?



**मधेशदृष्टि**
**रौतहट।**
कटहरिया नगरपालिका–३ बरेडवामा एक नवविवाहित महिलाको शङ्कास्पद मृत्यु भएको छ । घटनापछि माइती पक्षले हत्या भएको आरोप लगाएपछि प्रहरीले हत्या वा आत्महत्या भन्ने दुवै कोणबाट अनुसन्धान अघि बढाएको छ।
प्रहरीका अनुसार स्थानीय निरजकुमार साह सोनारकी करिब २० वर्षीया श्रीमती निशा कुमारी साह सोनार शनिबार आफ्नै सुत्ने कोठामा साडीको पासो लगाई घरको बाँसको कोरोमा झुन्डिएको अवस्थामा फेला परेकी हुन्।
घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कटहरियाबाट सई लालबाबु सहनीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । त्यसपछि इलाका प्रहरी कार्यालय गरुडाबाट प्रहरी निरीक्षक प्रमोद खड्काको नेतृत्वमा थप टोली खटिएर घटनास्थलको मुचुल्का उठाएको प्रहरीले जनाएको छ।
प्रहरीले कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको छ ।यता मृतकका बुबा, ईशनाथ नगरपालिका–जटहरा निवासी रबिन्द्र साह सोनारले छोरीको हत्या गरिएको आरोप लगाएका छन् । उनका अनुसार ज्वाइँ निरजकुमार साह सोनार र उनका परिवारका सदस्यले घटनालाई आत्महत्याजस्तो देखाउन शव झुन्ड्याएका हुन्। उनले घटनापछि ज्वाइँ घर छाडेर फरार भएको पनि दाबी गरेका छन्।
रबिन्द्र साहका अनुसार गत फागुनमा छोरीको विवाह भएको थियो। विवाहपछि ज्वाइँ पक्षले एसी, नगद तथा अन्य दाइजोको माग गर्दै निरन्तर मानसिक यातना र कुटपिट गर्ने गरेको उनको आरोप छ । घटनापछि स्थानीयवासी तथा मृतकका आफन्तले निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन्।
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले घटनाको वास्तविक कारण पोस्टमार्टम प्रतिवेदन र अनुसन्धानपछि मात्रै खुल्ने बताए । उनले हालै कसैलाई दोषी ठहर गर्न नमिल्ने भन्दै सबै पक्षबाट प्रमाण सङ्कलन गरी आवश्यक अनुसन्धान भइरहेको जानकारी दिए।

# गरिबीले निरासा, निरासाले जिउमा आगो ?



**मधेशदृष्टि**
**सर्लाही।**
बेरोजगारी, कमजोर आर्थिक अवस्था र साहुको ऋणको बोझ बढदै गए पछि सर्लाहीका विवेक मण्डलले आत्म दाहको बाटो रोजेको खुलासा भएको छ।
सर्लाहीको गोडैता नगरपालिका–१० सिसौटिया निवासी मण्डल विज्ञान विषयमा एमएस्सी उत्तीर्ण हुन् । ३५ वर्षीय मण्डलले शुक्रबार आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेपछि काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पतालमा चिन्ताजनक अवस्थामा उपचार भइरहेको छ।
विवेकका बुवा उपेन्द्र मण्डलका अनुसार उनी करिब एक वर्षअघिसम्म महोत्तरीको गौशालास्थित एक विद्यालयमा पढाउने काम गर्दथे। त्यहाँ करिब तीन वर्ष शिक्षकका रूपमा काम गरेका विवेक विद्यालयभित्रको राजनीतिक चलखेलका कारण जागिर छोड्न बाध्य भएको परिवारको दाबी छ।
उनको अध्यापन अब्बल रहे पनि जागिर छोडन बाध्य पारिएको थियो। जागिर गुमाएपछि विवेक घरमै बस्दै आएका थिए । त्यसयता उनले विभिन्न शैक्षिक संस्थामा रोजगारीका लागि पहल गर्नुका साथै लोक सेवा आयोगका परीक्षामा समेत सहभागिता जनाएका थिए । तर, कुनै पनि प्रयास सफल हुन सकेन। विवेककी श्रीमती रिनादेवी मण्डलका अनुसार बेरोजगारी लम्बिँदै जाँदा उनी निराश बन्दै गएका थिए। आफूले आमाबुबाको सम्पत्ति खर्च गरेर उच्च शिक्षा हासिल गरेपनि उपलब्धि हासिल गर्न नसकेको भन्दै उनी बेलाबेला परिवारसँग दुःखेसो पोख्ने गर्दथे।
विवेककी आमा मन्टुटिया देवीका अनुसार आर्थिक अभाव र लामो समयको बेरोजगारीका कारण उनी मानसिक तनावमा परेका थिए। बुबा उपेन्द्र मण्डलका अनुसार विवेकको अध्ययन र घरखर्चका क्रममा गाउँघर तथा बैंकबाट लिएको ऋण गरी अहिले करिब ३५ लाख रुपैयाँ तिर्न बाँकी छ।

## आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार 'मधेशदृष्टि दैनिक'लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।
**पद:** जिल्ला संवाददाता
**संख्या:** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरु:** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही
**न्युनत योग्यता:** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइ) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमता:** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्र:** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिक:** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।

हार्भेस्टर किन्नु अघि
यो कुरा अवश्य सोच्नुहोस्!
हार्बेस्टर बेच्ने धेरै छन्,
तर भरपर्दो स्पेयर पार्ट्स् र सर्भिस दिने कति छन्
हार्बेस्टर सिजनमा एक दिन पनि बन्द भयो भने किसानलाई ठूलो आर्थिक नोक्सानी हुन सक्छ।
आज धेरै हार्भेस्टरहरू स्पेयर पार्ट्सको अभाव र समयमा सर्भिस नपाउँदा प्रयोगविहीन बनेका छन्।
किन रोज्ने त्रिशक्ति ट्रेक्टर, वीरगंज ?
हार्भेस्टरका विशाल स्पेयर पार्ट्स स्टक सधैं उपलब्ध।
आवश्यक स्पेयर पार्ट्स २४ घण्टाभित्र तपाईंको स्थानसम्म डेलिभरी।
दक्ष र अनुभवी सर्भिस इन्जिनियरहरूको टोली।
आवश्यक परे २४ घण्टाभित्र घरदैलोमै सर्भिस।
आधुनिक सर्भिस स्टेशन।
२५ वर्षभन्दा बढीको अनुभव र हजारौं किसानको विश्वास।
हामी केवल हार्बेस्टर बेच्दैनौं, बिक्रीपछिको सेवाको पनि पूर्ण जिम्मेवारी लिन्छौं।


त्रिशक्ति ट्रेक्टर, वीरगंज
किसानको विश्वास, हाम्रो प्रतिबद्धता !
सम्पर्क: 98550 21281

# बाँझो जग्गा सदुपयोग गर्न माडीमा ‘भूमि बैंक’ अवधारणा




**चितवन।**
चितवनको माडी नगरपालिकाले बाँझो खेतीयोग्य जमिनको सदुपयोग गर्दै भूमिहीन, विपन्न र युवा किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न ‘भूमि बैंक’ कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ । बढ्दो बसाइँसराइका कारण खेतीयोग्य जमिन बाँझो रहने क्रम बढेपछि नगरपालिकाले भूमि बैंकसम्बन्धी कार्यविधि तयार गरी आगामी आर्थिक वर्षदेखि कार्यक्रम लागू गर्ने प्रस्ताव अघि सारेको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालका अनुसार भूमि बैंक कुनै भौतिक कार्यालय नभई पालिका मातहत सञ्चालन हुने अभिलेखीकरण प्रणाली हो, जसले जग्गाधनी र खेती गर्न इच्छुक किसानबीच मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेछ । एउटा वर्गसँग खेती गर्न जग्गा छैन वा महँगो भाडा तिर्न सक्दैन, अर्को वर्गसँग जग्गा भएर पनि खेती गर्ने जनशक्ति छैन, उनले भने, भूमि बैंकले यी दुई पक्षलाई पालिकाको रोहबरमा जोड्नेछ।

उनका अनुसार यस प्रणालीमा जग्गाधनी र किसानबिच प्रत्यक्ष लेनदेन हुने छैन । दुवै पक्ष पालिकामार्फत मात्रै जोडिने भएकाले भविष्यमा आउन सक्ने कानुनी तथा व्यावहारिक जटिलता न्यूनीकरण हुने विश्वास गरिएको छ । नयाँ आर्थिक वर्ष सुरु भएसँगै सेवा सञ्चालन गर्ने तयारी गरिएको उनले बताए । कृषि शाखा प्रमुख सुरेश सिंखडाका अनुसार माडीमा करिब आठ हजार ५०० हेक्टर खेतीयोग्य जमिन रहेकामा हाल करिब छ हजार ५०० हेक्टरमा मात्र खेती भइरहेको छ । बाँकी करिब दुई हजार हेक्टर जमिन बाँझो रहेको छ।

उनका अनुसार माडीका धेरै जग्गाधनी भरतपुरलगायत अन्य क्षेत्रमा बसाइँ सरेकाले खेतीयोग्य जमिन उपयोगविहीन बनेको छ । पालिकाले यस्ता जग्गा न्यूनतम शुल्कमा लिई खेती गर्न चाहने तर जग्गाविहीन वास्तविक किसानलाई उपलब्ध गराउने योजना बनाएको छ । सामान्य खेतीयोग्य जमिनका लागि प्रतिकट्ठा वा प्रतिविघा औसत रु एक हजार ५०० देखि दुई हजारसम्म भाडा निर्धारण गरिनेछ भने बगर तथा कम उब्जाउ भएका क्षेत्रमा यो दर अझ कम हुन सक्ने उनले बताए।

जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्न नगरपालिकाले कर प्रणालीमा पनि परिवर्तन गर्ने तयारी गरेको छ । प्रस्तावित कार्यविधिअनुसार नियमित खेती भइरहेको जग्गामा प्रतिकट्ठा रु ४० कर लाग्नेछ भने खेतीयोग्य भएर पनि बाँझो राखिएको जग्गामा प्रतिकट्ठा रु १६० कर तिर्नुपर्ने व्यवस्था गरिनेछ । प्रमुख प्रशासकीय अधिकृत भुसालका अनुसार खेती नगरी जग्गा बाँझो राख्नेले खेती गर्ने किसानको तुलनामा चार गुणा बढी कर तिर्नुपर्ने व्यवस्था गरिनेछ । यसले जग्गाधनीलाई आफैँ खेती गर्न वा भूमि बैंकमार्फत जग्गा उपलब्ध गराउन प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रम प्रभावकारी बनाउन नगरपालिकाले कृषक सूचीकृत गर्ने अभियानलाई पनि तीव्रता दिएको छ। चालु आर्थिक वर्षमा वडा नम्बर ६ सम्मका चार हजार २०० भन्दा बढी किसान सूचीकृत भइसकेका छन् । आगामी वर्ष बाँकी वडामा पनि अभियान सञ्चालन गरी कृषकको विस्तृत तथ्याङ्क तयार गरिने कृषि शाखा प्रमुख सिंखडाले बताए।

नगरपालिकाले भूमि बैंक सञ्चालनका लागि आवश्यक कानुनी कार्यविधि र कार्ययोजना अन्तिम चरणमा रहेको जनाएको छ । कार्यक्रम कार्यान्वयनमा आएपछि तरकारी, धानलगायत कृषि उत्पादन वृद्धि हुनुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ। रासस

# राजबिराज–बलान हुलाकी सडक खण्ड: स्थानीयले गरेको अवरोध हट्यो

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको बोदेबरसाइन नगरपालिका–५ स्थित राजविराज–बलान हुलाकी सडक खण्डमा स्थानीयले गरेको सडक अवरोध हटेको छ । कल्भर्टबाट पानी निकास अवरुद्ध हुँदा बस्ती तथा खेतीयोग्य जमिन डुबानमा परेपछि स्थानीयले सडक अवरुद्ध गरी विरोध जनाएका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षक सुमन तामाङको नेतृत्वमा खटिएको प्रहरी टोलीले जेसीबी प्रयोग गरी जमेको पानी हटाएसँगै स्थानीयले सडकको अवरोध गर्न छोडेका हुन् । पानी निकास खुलाउन बोदेबरसाइन नगरपालिका वडा नम्बर–४ का वडा अध्यक्ष किरन कुमार साह संगै, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरीले सहजीकरण गरेका थिए।

अध्यक्ष किरण कुमार साहका अनुसार कल्भर्टमा पानी निकास बन्द हुँदा स्थानीयले ठूलो सास्ती बेहोर्नुपरेको थियो । अहिले सडकको छेउबाट अस्थायी रूपमा पानीको निकास खुलाइएकाले तत्काल समस्या समाधान भएको उनको भनाइ छ। हुलाकी सडकअन्तर्गत रहेको कल्भर्टमा पानी निकास अवरुद्ध हुँदा करिब १० घर र ७ विघाभन्दामाथि बढी खेतीयोग्य जमिन डुबानमा परेको थियो।

# सडकको बीच भागमा निस्केको फलामे रड: सवारी दुर्घटनाको उच्च जोखिम, सुधारको माग



**मधेशदृष्टि**
**महोत्तरी।**
भिमानबाट बर्दिबासतर्फ जाने निर्माणाधीन राजमार्गमा सडकको बीचभागबाट बाहिर निस्किएको फलामे रडका कारण सवारीसाधन दुर्घटनाको उच्च जोखिम बढेको भन्दै तत्काल सुधारको माग गरिएको छ।

वर्षाका कारण सडकमा पानी जम्दा रड नदेखिने भएकाले दैनिक सयौं सवारीसाधनका टायर पड्किने तथा दुर्घटनामा पर्ने अवस्था सिर्जना भएको स्थानीयले बताएका छन् । यस क्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका निवर्तमान अध्यक्ष अशोक टेमानी पनि उक्त समस्याबाट पीडित छन् । टेमानीका आुनसार पानीले भरिएको खाल्डोमा लुकेको रडमा गाडी चढ्दा एकैपटक गाडीका दुवै चक्का पड्किएका थिए। समयमै गाडी नियन्त्रणमा लिन सफल भएकाले ठूलो दुर्घटना टरेको उनले बताएका छन्।

टेमानीले सामाजिक सञ्जालमा पोष्ट गर्दै निर्माणाधीन सडकमा यस्ता घातक अवस्था रहनु गम्भीर लापरबाही भएको उल्लेख गर्दै यसबाट हुने क्षति र सम्भावित दुर्घटनाको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठाएका छन् । उनले सडक निर्माण कम्पनी, सम्बन्धित सडक विभाग तथा प्रशासनलाई तत्काल जिम्मेवार बन्न आग्रह गरेका छन्।

# बदलिँदो बजारसँगै बदलिँदै कुमालको पेसा



**दाङ।**
केही वर्षअघिसम्म प्रेमबहादुर कुमालको दिनचर्या माटाका गाग्री, हाँडी र भुर्का बनाउनमै बित्थ्यो । अहिले भने उहाँ प्रायः माटाका प्लेट र कप मात्रै बनाउनुहुन्छ । बजारको माग फेरिएसँगै पुस्तौँदेखि अपनाउँदै आएको कुमाले पेसाले पनि नयाँ स्वरूप लिन थालेको छ । तुलसीपुर उपमहानगरपालिका–७ प्रसेनीका प्रेमबहादुर भन्छन्, ‘पहिले गाग्री, भुर्का र हाँडीको निकै माग हुन्थ्यो, अहिले बजारमा प्लास्टिकका भाँडा सजिलै पाइने भएकाले ती सामग्रीको माग घटेको छ । बरु अहिले माटाका प्लेट र कपको माग बढ्दो छ।’ पछिल्लो समय विभिन्न स्थानमा ‘मट्का चिया’ पसल खुल्न थालेपछि माटाका कपको माग उल्लेख्य रूपमा बढेको उहाँको अनुभव छ । चियासँगै माटोको स्वाद र वातावरण खोज्ने ग्राहक बढेकाले आफूहरूले उत्पादन गरेको सामग्री बजारमा सहजै बिक्री हुने गरेको उनी बताउँछन् । माग धेरै आउँछ, केही होटल सञ्चालकले त ‘यतै आएर बनाए पनि हुन्छ’ भनेर कोठासमेत दिने प्रस्ताव गर्नुहुन्छ, उनले भने, तर जनशक्ति अभावका कारण मागअनुसार उत्पादन गर्न सकिरहेका छैनौँ । प्लेट र कपसँगै अहिले माटाका गमला तथा सजावटका लागि प्रयोग हुने घोडालगायतका मूर्ति बनाउन पनि अर्डर आउने गरेको छ । यसले परम्परागत कुमालको पेसामा नयाँ सम्भावनाको सङ्केत देखाए पनि दक्ष जनशक्तिको अभाव भने मुख्य चुनौती बनेको छ । कविराम कुमालका अनुसार नयाँ पुस्ताको घट्दो आकर्षणले यो पेसाको भविष्यप्रति चिन्ता बढाएको छ । माग त पर्याप्त छ, तर यो पेसा अहिले पनि हामीजस्ता पुरानै पुस्ताले धानेका छौँ, उनले भने, नयाँ पुस्ताले अपेक्षाअनुसार चासो नदिँदा यो पेसा सङ्कटमा पर्ने हो कि भन्ने चिन्ता लाग्छ, यद्यपि केही युवाले सिक्ने प्रयास भने गरिरहेका छन् । गरिबी निवारण कोषबाट प्राप्त ‘ग्लेजिङ’ मेसिनले उत्पादनको गुणस्तर सुधार्न सहयोग पुगेको छ । त्यसैगरी हस्तकला महासङ्घले दिएको तालिमपछि यहाँका कुमाल समुदायले आधुनिक डिजाइनका प्लेट, कप र अन्य सामग्री बनाउन सिकेका हुन् । तर उत्पादनको मूल्य निर्धारण गर्ने कुनै मापदण्ड नहुँदा बिक्री मूल्य भने ग्राहकसँगको समझदारीमै निर्भर रहने गरेको उनीहरूको भनाइ छ । ‘हामीले बनाएका माटाका भाँडाको निश्चित मूल्य छैन, कविरामले भने, त्यसैले अनुमान र बार्गेनिङकै आधारमा बिक्री गर्नुपर्छ ।’ कुनै समय करिब ६० परिवारले बसोबास गर्ने यस कुमाल बस्तीमा अहिले १०–११ परिवार मात्रै सक्रिय रूपमा माटाका भाँडा बनाउने पेसामा संलग्न छन् । बजारको माग बढे पनि पेसामा संलग्न हुने जनशक्ति भने घट्दै गएको छ।

कच्चापदार्थको अभाव अर्को समस्या बनेको छ । अहिले उनीहरूले तुलसीपुर–७ को कालोखोला क्षेत्रबाट माटो ल्याउने गरेका छन् । तर त्यहाँबाट माटो निकाल्ने विषयमा स्थानीयसँग पटक–पटक विवाद हुने गरेको उनीहरूको गुनासो छ । आवश्यक गुणस्तरको माटो सहज रूपमा उपलब्ध हुन नसक्दा उत्पादनमा असर पर्ने गरेको कुमाल समुदायको भनाइ छ । बजारको आवश्यकता बदलिँदै जाँदा कुमालको पेसाले पनि आफूलाई समय अनुकूल ढाल्ने प्रयास गरिरहेको छ । परम्परागत गाग्री र हाँडीको स्थान अहिले प्लेट, कप र सजावटी सामग्रीले लिन थालेका छन् । तर यो पुस्तौँ पुरानो सीपलाई दीर्घकालसम्म जोगाइराख्न नयाँ पुस्ताको सहभागिता, कच्चापदार्थको सहज उपलब्धता र उत्पादनको उचित मूल्य सुनिश्चित गर्नु आवश्यक देखिन्छ। रासस

# सवारी दुर्घटनामा वृद्धको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको निजगढ नगरपालिका–१ स्थित धनसार पुल नजिक पूर्व–पश्चिम राजमार्गमा हिजो साँझ करिब ५ बजे भएको सवारी दुर्घटनामा एक वृद्धको ज्यान गएको छ । सिन्धुलीबाट वीरगंजतर्फ आउँदै गरेको मधेश प्रदेश ०३–००१ च ६८३० नम्बरको कुखुरा बोकेको पिकअप गाडीले पैदलयात्रीलाई ठक्कर दिँदा गाडी अनियन्त्रित भई पल्टिएको थियो। दुर्घटनामा परी निजगढ नगरपालिका–७ योजनाटोल निवासी ८५ वर्षीय जयबहादुर पुलामी मगरको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

# चैते धान खेतीतर्फ किसानको बढ्दो आकर्षण, बागमतीमा ५७ प्रतिशतभन्दा बढी धान रोपाइँ सम्पन्न

**मधेशदृष्टि**
**काठमाडौँ।**
धनुषा र महोत्तरीका विभिन्न स्थानीय तहमा पछिल्ला वर्षहरूमा चैते धान खेतीप्रति किसानको आकर्षण उल्लेखनीय रूपमा बढ्न थालेको छ।

प्रति कट्ठा ५ देखि ७ मनसम्म उत्पादन हुने भएकाले किसानहरू यस खेतीतर्फ उत्साहित भएका हुन् । धनुषा तथा महोत्तरीका सुख्खा र बाढी प्रभावित चार पालिकामा नेपाल सरकारद्वारा सञ्चालित ‘खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना’ अन्तर्गत चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन भएपछि खेतीको क्षेत्र विस्तार हुँदै गएको हो।

विश्व बैंक तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको सहयोगमा सञ्चालित उक्त आयोजनाले धनुषाको वटेश्वर र जनकनन्दनी तथा महोत्तरीको सोनमा र सम्सी गाउँपालिकाका साना तथा निम्न आय भएका किसानलाई लक्षित गरी उन्नत बीउ, आधुनिक खेती प्रविधि, सिँचाइका सामग्री तथा आवश्यक तालिम उपलब्ध गराएको छ । यसले किसानलाई चैते धान खेतीतर्फ आकर्षित गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

वटेश्वर गाउँपालिकाका अगुवा किसान बृजलाल महतोका अनुसार वर्षमा तीन बाली उत्पादन गर्न सकिने सम्भावनाका कारण हाल वटेश्वरमा मात्रै ३५ बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ । आयोजनाले हर्दिनाथ–१, हर्दिनाथ–२ र हर्दिनाथ–३ जातका धानको बीउ ८५ प्रतिशत अनुदानमा उपलब्ध गराएपछि गाउँका धेरै किसानले यो खेती सुरु गरेका छन् । अर्का अगुवा किसान रामचन्द्र महतोले समयमै गुणस्तरीय बीउ, मल र पर्याप्त सिँचाइको व्यवस्था भए नेपाल धान, चामल तथा अन्य खाद्यान्न उत्पादनमा पूर्ण आत्मनिर्भर बन्न सक्ने विश्वास व्यक्त गरे।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, क्लस्टर इकाइ धनुषाका कृषि अधिकृत शिवचन्द्र झाका अनुसार धनुषा र महोत्तरीका चार पालिकामा कार्यक्रम सञ्चालन भएपछि किसानको उत्साह बढेको छ।

हाल ती पालिकामा मात्रै करिब १५० बिघा क्षेत्रफलमा चैते धान खेती भइरहेको उनले जानकारी दिए।

आयोजनाका क्लस्टर इकाइ प्रमुख रविलाल शर्माका अनुसार यस कार्यक्रममार्फत साना तथा विपन्न किसानलाई खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धि तथा बजारीकरणका क्षेत्रमा समेत सहयोग प्रदान गर्दैं आएको छ।

**बागमती प्रदेशमा ५७ प्रतिशतभन्दा बढी धान रोपाइँ सम्पन्न**

यता, बागमती प्रदेशमा चालु वर्षको असार अन्तिम सातासम्म कुल धान रोपाइँको ५७.२३ प्रतिशत कार्य सम्पन्न भएको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार प्रदेशभर धान रोपाइँ हुने १ लाख १४ हजार ५२४ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ६५ हजार ५४५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । प्रदेशमा कुल खेतीयोग्य जमिन ४ लाख २५ हजार ५५७ हेक्टर रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता सुजन कँडेलका अनुसार असार दोस्रो सातासम्म करिब १३ प्रतिशत मात्र रोपाइँ भएको थियो । तर पर्याप्त वर्षा भएपछि अन्तिम सातामा रोपाइँको गति उल्लेखनीय रूपमा बढेको हो । जिल्लागत विवरणअनुसार काठमाडौं, ललितपुर र भक्तपुरमा सबैभन्दा बढी करिब ९० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । त्यसपछि सिन्धुलीमा ७३.८१ प्रतिशत, मकवानपुरमा ६३.५० प्रतिशत, काभ्रेपलाञ्चोकमा ६३.०२ प्रतिशत, चितवनमा ६२.४२ प्रतिशत तथा धादिङमा ६१.५० प्रतिशत रोपाइँ सकिएको छ। त्यसैगरी, सिन्धुपाल्चोकमा ४२.९९ प्रतिशत, दोलखामा ४० प्रतिशत तथा रसुवा र नुवाकोटमा समान ३९.९३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । रामेछापमा भने सबैभन्दा कम ३५ प्रतिशत धान रोपाइँ भएको मन्त्रालयले जनाएको छ । प्रवक्ता कँडेलले यस वर्ष बागमती प्रदेशमा धान रोपाइँ सन्तोषजनक गतिमा अघि बढिरहेको उल्लेख गर्दै मौसम अनुकूल रहे उत्पादन पनि उत्साहजनक हुने अपेक्षा व्यक्त गरेका छन्।

# तेस्रो ‘अन्तर्राष्ट्रिय नेपाली फिल्म अवार्ड’ नेपालमा हुने




**काठमाडौँ।**
बेलायतमा हुँदै आएको ‘अन्तरराष्ट्रिय नेपाली फिल्म अवार्ड’ (इनफा) को तेस्रो संस्करण यसवर्ष नेपालमा आयोजना हुने भएको छ । आगामी साउन ३० गते काठमाडौँमा अवार्ड समारोह आयोजना गरिने आयोजक संस्था इनफा इभेन्ट्स यूके र इनफा नेपालले जनाएको छ । अवार्डमा सहभागी चलचित्रमध्ये उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक गर्न आइतबार आयोजित कार्यक्रममा अवार्ड निर्देशक मनिष कार्कीले विसं २०८२ वैशाख १ गतेदेखि चैत मसान्तसम्म प्रदर्शनमा आएका ४० चलचित्रमध्ये विभिन्न विधामा उत्कृष्ट पाँचमा छनोट भएका कलाकाबर तथा प्राविधिकलाई प्रमाणपत्र प्रदान गरिएको जानकारी दिएका छन् । अवार्डको निर्णायक समितिमा वरिष्ठ अभिनेता हरिहर शर्मा संयोजक तथा अभिनेत्री गौरी मल्ल, निर्देशक तथा कलाकार रमेश बुढाथोकी र सम्पादक एवं गीतकार करुण सदस्य रहेको आयोजकले जनाएको छ । निर्णायक समितिका संयोजक हरिहर शर्माले निष्पक्ष मूल्याङ्कनका आधारमा निर्णय गरिएको बताएका छन् । ‘हरेक अवार्डमा विजेता खुसी र छुट्ने पक्ष असन्तुष्ट हुन सक्छन् । तर हाम्रो समितिले कुनै पूर्वाग्रह नराखी विवेकपूर्ण र निष्पक्ष ढङ्गले निर्णय गरेको छ’, उनले भने।

अवार्ड समारोहमा कूल ३२ विधामा पुरस्कार प्रदान गरिनेछ । दीर्घसाधना सम्मानबाट वरिष्ठ अभिनेता मदनकृष्ण श्रेष्ठलाई रु एक लाख ११ हजार १११ नगदसहित सम्मान गरिने आयोजकले जनाएको छ । कार्यक्रममा वरिष्ठ अभिनेता नीर शाह, अभिनेता भुवन केसी, प्रमोद अग्रहरि, अभिनेत्री जसिता गुरुङ, खुसी कार्की, उषा उप्रेती, निर्देशक कृषा चौलागाईं, पूर्णेन्दु झा, सुदिप्ता अधिकारीलगायत चलचित्रकर्मीको उपस्थिति थियो। रासस

# जनकपुरधाममा सार्वजनिक भयो नयाँ टिभिएस अपाचे आरटीआर १६० फोरभी




**मधेशदृष्टि**
**जनकपुरधाम।**
टिभिएस मोटर कम्पनीले जनकपुरधाम बजारमा नयाँ टिभिएस अपाचे आरटीआर १६० फोरभी मोटरसाइकल सार्वजनिक गरेको छ । जनकपुरस्थित कार्यक्रमका बीच यो नयाँ मोडलको मोटरसाइकल सार्वजनिक गरिएको हो।

कम्पनीका अनुसार १५९.७ सीसी इन्जिनयुक्त यस मोटरसाइकलमा स्पोर्ट, अर्बन र रेन गरी तीन राइड मोड, डुअल–च्यानल एबीएस, ३७ एमएम यूएसडी सस्पेन्सन, प्रोजेक्टर हेडल्याम्प र पाँच इन्चको टीएफटी डिजिटल क्लस्टर जस्ता सुविधा रहेका छन् । स्पोर्ट मोडमा यसले १७.५५ पीएस शक्ति उत्पादन गर्ने कम्पनीले जनाएको छ।

कार्यक्रममा जगदम्बा मोटर्सका प्रतिनिधिहरूले नयाँ अपाचे आरटीआर १६० फोरभीले प्रदर्शन, सुरक्षा र आधुनिक प्रविधिको संयोजनमार्फत नेपाली राइडरलाई उत्कृष्ट अनुभव दिने विश्वास व्यक्त गरे।

मोटरसाइकल म्याट ब्ल्याक, रेसिङ रेड र मरिन ब्लु गरी तीन रङमा उपलब्ध छ।

आर्यन अटो मोबाइल्सका संचालक रामबालक महतोको अध्यक्षता एवं जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको टिभिएस अपाचे आरटीआर १६० फोरभी मोटरसाइकल सार्वजनिकिकरण कार्यक्रममा जगदम्बा मोटर्सको नेशनल सेल्स हेड हरि न्यौपाने, प्रिमियम सेल्स हेड विपिन बोगटी सहितको उपस्थिति रहेको थियो।

# भानुजयन्तीको अवसरमा रचना वाचन कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रगतिशील लेखक सङ्घ नेपाल (प्रलेस) धनुषाले २१३ औँ भानुजयन्तीको अवसरमा विशेष रचना वाचन कार्यक्रम सम्पन्न गरेको छ। प्रलेस धनुषाका अध्यक्ष गणेश घिमिरेको अध्यक्षता तथा मिथिला नगरपालिका धनुषाकी उपप्रमुख सुनिता सिंह बुढाथोकीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली भाषा तथा साहित्यका आदिकवि भानुभक्त आचार्यको योगदानको स्मरण गर्दै साहित्यको भूमिका र वर्तमान आवश्यकता विषयमा चर्चा गरिएको थियो । प्रलेस धनुषाका सचिव राम मिलनले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष प्रेमनिधि भट्टराईले स्वागत मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा वरिष्ठ पत्रकार अनिल कर्ण, प्रलेसकर्मी जीवनस्पर्शी, प्रलेस नेपाल विदेश विभाग सदस्य प्रेम घिमिरे, केन्द्रीय सदस्य विमला विश्वकर्मा, मधेश प्रदेश अध्यक्ष नारायण घिमिरे, बुढ्यौली साहित्य समाज सिराहाका अध्यक्ष गणेश अधिकारी तथा मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपिराज दाहाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## लायन्स क्लब अफ वीरगंज नवदीप एकेडेमीः

# नयाँ सदस्यको स्वागत, सेवामूलक अभियान विस्तार गर्ने प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज।**
लायन्स क्लब अफ वीरगंज नवदीप एकेडेमीले नवआबद्ध २५ सदस्यको स्वागत तथा परिचय कार्यक्रम सम्पन्न गर्दै समाजसेवामूलक गतिविधिलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । क्लबकी चार्टर अध्यक्ष लायन सुशीला साहको अध्यक्षतामा आयोजित कार्यक्रममा नयाँ सदस्यहरूलाई लायन्स क्लबको उद्देश्य, सेवा दर्शन, सामाजिक उत्तरदायित्व तथा संस्थागत भूमिकाबारे जानकारी गराइएको थियो । कार्यक्रममा आगामी दिनमा शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र मानवीय सेवासँग सम्बन्धित विविध अभियान सञ्चालन गर्ने योजना पनि प्रस्तुत गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस, नेपालका डिष्ट्रिक्ट गभर्नर–इलेक्ट (डीजीई) एमजेएफ लायन राम बिहारी पाण्डेले लायन्स क्लब विश्वकै अग्रणी सेवामूलक संस्थामध्ये एक भएको उल्लेख गर्दै नयाँ सदस्यहरूलाई समाज रूपान्तरणका अभियानमा सक्रिय हुन आग्रह गरे । उनले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा मानवीय सेवाका क्षेत्रमा समर्पित भएर काम गर्नुपर्नेमा जोड दिँदै सेवाभाव, इमानदारी, नेतृत्व क्षमता र सामूहिक सहकार्य नै सफल सामाजिक अभियानका प्रमुख आधार भएको बताए । युवाको सक्रिय सहभागिताले लायन्सको सेवा अभियानलाई अझ सशक्त बनाउने विश्वास पनि उनले व्यक्त गरे । कार्यक्रममा पदाधिकारी तथा सदस्यहरूबीच परिचय आदानप्रदानसँगै आगामी कार्ययोजना, सदस्य विस्तार, नेतृत्व विकास, सामाजिक उत्तरदायित्व तथा समुदाय केन्द्रित सेवामूलक कार्यक्रमबारे विस्तृत छलफल भएको थियो । सहभागीहरूले शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, वातावरण संरक्षण, रक्तदान, सरसफाइ अभियान तथा विपन्न समुदायको सहयोगलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाए । अध्यक्षीय मन्तव्य व्यक्त गर्दै चार्टर अध्यक्ष लायन सुशीला साहले लायन्स क्लबलाई केवल संस्था नभई समाजमा सकारात्मक परिवर्तन ल्याउने साझा अभियानका रूपमा चित्रण गरिन् । उनले सेवाभाव, अनुशासन, एकता र समर्पणका साथ क्लबका गतिविधिमा सक्रिय हुन नयाँ सदस्यहरूलाई आग्रह गर्दै प्रत्येक सदस्य समाजका लागि प्रेरणाको स्रोत बन्नुपर्ने धारणा राखिन्।

उनका अनुसार लायन्स क्लबको मूल उद्देश्य पद वा प्रतिष्ठाभन्दा माथि उठेर मानवीय सेवामार्फत आवश्यक परेका व्यक्तिहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो । व्यक्तिगत स्वार्थभन्दा सामुदायिक हितलाई प्राथमिकता दिँदै शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, महिला तथा बालबालिकाको सशक्तीकरणलगायतका क्षेत्रमा निरन्तर सेवा अभियान सञ्चालन गरिने उनले बताइन् । नयाँ सदस्यहरूको सहभागिताले क्लब अझ गतिशील र प्रभावकारी बन्ने विश्वास व्यक्त गर्दै अध्यक्ष साहले रक्तदान, निःशुल्क स्वास्थ्य शिविर, वृक्षारोपण, शैक्षिक सामग्री वितरण, महिला तथा बालबालिकाको सशक्तीकरण तथा विपद्का समयमा राहत वितरणजस्ता कार्यक्रमलाई आगामी कार्यसूचीमा प्राथमिकता दिइने जानकारी दिइन्।

'हामी सेवा गर्नका लागि एक भएका हौं। समाजको आवश्यकता पहिचान गर्दै प्रत्येक सदस्यले आफ्नो समय, क्षमता र अनुभवलाई सामाजिक हितमा समर्पित गर्नुपर्छ। सानो प्रयासले पनि धेरै मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ,' उनले भनिन् । कार्यक्रममा डिष्ट्रिक्ट एक्जिक्युटिभ चिफ एमजेएफ लायन बासु तिमिल्सिना, प्रथम उपाध्यक्ष लायन उत्तम कुशवाहा, द्वितीय उपाध्यक्ष लायन रञ्जु हाडा, तृतीय उपाध्यक्ष लायन नितेश यादव, सचिव लायन नेहा अग्रवाल, कोषाध्यक्ष लायन सुष्मा मण्डलसहित क्लबका पदाधिकारी तथा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

## सुशासनको नाममा बालेन सरकार

# मुलुकलाई कुशासनको चक्रव्यूहमा फसायोः साह



**सिकेन्द्र पासवान**
**कलैया।**
नेपाल कम्युनिस्ट पार्टीका युवा नेता मुकेश साहले वर्तमान सरकारले सुशासनको जगमा खडा गरेको भनिएको प्रणाली अन्ततः 'सर्कस' मा परिणत भएको र यसले देशलाई गम्भीर कुशासनतर्फ धकेलेको आरोप लगाएका छन् । पत्रकारसंगको एक विशेष कुराकानीका क्रममा नेता साहले सरकारको प्रचारमुखी शैली र जनविरोधी निर्णयका कारण नागरिकले दैनिक रूपमा सास्ती र पीडा भोग्नुपरिरहेको बताए। नेता साहले अहिलेको शासन व्यवस्थामा आम सर्वसाधारणले न्याय पाउनुको साटो उल्टै राज्यबाट प्रताडित हुनुपरेको उल्लेख गरे । 'कहिले ट्राफिक शुल्क र जरिवानाको चर्को भार थोपरेर सर्वसाधारणलाई सास्ती दिने काम गरिन्छ, त कहिले सुकुम्बासीहरूमाथि डोजर चलाएर उनीहरूको बिचल्ली बनाइन्छ,' आक्रोश व्यक्त गर्दै भने, 'आफ्नो थातथलो र टाउको लुकाउने ओतसमेत गुमाउनु परेपछि कतिपय सुकुम्बासी नागरिकले मानसिक तनाव र पीडा सहन नसकी मृत्युवरणसमेत गर्नुपरिरहेको दर्दनाक अवस्था छ। यो कस्तो सुशासन हो उनले प्रशन गरे?'

कुराकानीका क्रममा उनले सरकार लोकतान्त्रिक मूल्य–मान्यता र नागरिक आवाजलाई दबाउन उद्यत रहेको दाबी गरे । राज्यका विभिन्न अंग र नागरिक समाजलाई सन्तुलनमा राख्ने महत्वपूर्ण खम्बाहरूमाथि प्रहार भइरहेको उनको तर्क छ। 'अहिले पत्रकार, वकिल (कानुन व्यवसायी), लेखापढी व्यवसायी र विधार्थीहरूका युनियन तथा पेसागत संगठनहरू खारेज गर्ने वा उनीहरूको आवाजलाई संकुचित पार्ने रणनीति अख्तियार गरिएको छ,' नेता साहले थपे, 'यसले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र पेसागत हकअधिकारमाथि सिधै धावा बोलेको प्रस्ट पार्छ साको कथन रहेको छ। साहले सरकारले तत्काल यस्ता जनविरोधी र निरंकुश कदमहरू सच्याउनुपर्ने माग गरे । जनताको गाँस, बास र कपासको ग्यारेन्टी गर्नुका साटो सस्तो लोकप्रियताका लागि गरिने राजनीतिक 'सर्कस'ले मुलुकलाई दुर्घटनातर्फ लैजाने चेतावनी दिँदै उनले युवा पुस्ता यसका विरुद्ध सधैँ आवाज उठाइरहने दृढता व्यक्त गर्दै सस्तो लोकप्रियताका लागि जेपनि बोल्ने सरकार आफनो बचनमा देढ हुनु पर्ने तर्फ यूवा नेता साहको रहेको छ।

नेता साहले सरकारले राजस्व संकलनको नाममा आम सर्वसाधारण र निम्न वर्गीय नागरिकलाई ट्राफिक शुल्क तथा चर्को जरिवानाको भार थोपरेर आतंकित बनाएको बताए । 'नियमन र सुधारका नाममा जनताको खल्ती रित्याउने काम भइरहेको छ,' साहले भने, 'सडकको अवस्था सुधार्ने, यातायात व्यवस्थापनलाई आधुनिक र सहज बनाउने योजना कतै छैन, तर गरिब र श्रमजीवी नागरिकलाई कहिले कुन बहानामा त कहिले कुन शीर्षकमा जरिवाना र शुल्क असुलेर सास्ती दिने काम मात्र गरिएको छ' उनको आरोप रहेको छ। कुराकानीको क्रममा नेता साहले सुकुम्बासी समस्याप्रति राज्यले देखाएको चरम असंवेदनशीलता र क्रूरताको कडा शब्दमा भत्र्सना गरे । वैकल्पिक व्यवस्था र मानवीय सम्वेदनाको ख्यालै नगरी सुकुम्बासी बस्तीहरूमा डोजर चलाइएको र सर्वसाधारणको ओत भत्काइएको भन्दै उनले गम्भीर चिन्ता व्यक्त गरे।

'आफ्नो थातथलो गुमेपछि, टाउको लुकाउने ओत राज्यले खोसेपछि उत्पन्न मानसिक तनाव, अपमान र चरम पीडा सहन नसकेर कतिपय सुकुम्बासी नागरिकले मृत्युवरणसमेत गर्नुपरिरहेको दर्दनाक अवस्था छ,' साहले आक्रोशित हुँदै प्रश्न गरे, 'नागरिकको बाँच्न पाउने अधिकार र आवासको हक खोसेर, उनीहरूलाई आत्महत्या र अकाल मृत्युको मुखमा धकेलेर कुन सुशासनको गफ हाँकिँदै छ ? यो सुशासन होइन, राज्यको चरम तानाशाही हो' उनले भने । सरकारले लोकतान्त्रिक मूल्य–मान्यता र नागरिक समाजको स्वतन्त्रताको घाँटी निमोठ्न खोजेको आरोप लगाउँदै नेता साहले राज्यका विभिन्न खम्बाहरूमाथि योजनाबद्ध प्रहार भइरहेको दाबी गरे। समाजमा प्रश्न उठाउने र नागरिक हकको पैरवी गर्ने शक्तिहरूलाई कमजोर बनाउन सरकार उद्धत रहेको उनको भनाइ छ।

'अहिले पत्रकार (पत्रकारिता जगत), वकिल (कानुन व्यवसायी), लेखापढी व्यवसायी र विधायिका÷जनप्रतिनिधिहरूका युनियन तथा पेसागत संगठनहरूलाई खारेज गर्ने वा उनीहरूको स्वतन्त्रतालाई संकुचित पार्ने निकृष्ट खेल भइरहेको छ,' साहले थपे, 'कुनै पनि लोकतान्त्रिक मुलुकमा नागरिकका पेसागत संगठन र आवाजलाई यसरी दबाउन पाइँदैन । यो कदमले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र पेसागत अधिकारमाथि सिधै धावा बोलेको छ र यसले मुलुकलाई निरंकुशतातर्फ लैजाने संकेत गर्छ' साहले भने। नेता साहले सरकारले तत्काल आफ्ना जनविरोधी, अपरिपक्व र निरंकुश कदमहरू सच्याउनुपर्ने जोडदार माग गरे । सरकार जनताको गाँस, बास, कपास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्न पूर्ण रूपमा असफल भएको र आफ्नो असफलता लुकाउन राजनीतिक 'सर्कस' देखाइरहेको उनको ठहर छ। हेर्नुस्, सरकारले जे भनिरहेको छ, त्यो केवल नारा र प्रचारबाजी मात्र हो । वास्तविकतामा सुशासनको जगमा खडा गरिएको भनिएको यो प्रणाली अन्ततः एउटा राजनीतिक र प्रशासनिक 'सर्कस' मा परिणत भएको छ । सरकारले सस्तो लोकप्रियताका लागि केही स्टन्टहरू देखाउने र पर्दापछाडि चाहिँ आम जनताको ढाड सेक्ने काम गरिरहेको छ। सरकारको यही अदूरदर्शी र प्रचारमुखी शैलीका कारण मुलुक तीव्र गतिमा कुशासनको चक्रव्यूहमा फस्दै गएको छ । जनताले दैनिक जीवनमा सास्ती र पीडाबाहेक केही पाएका छैनन् साहको भनाई रहेको हो।

अहिले आम नागरिकले सडकदेखि घरसम्म राज्यको आतङ्क र सास्ती भोग्नुपरेको छ। पहिलो कुरा, सरकारले राजस्व संकलन बढाउने नाममा आम सर्वसाधारण र निम्न वर्गीय नागरिकमाथि ट्राफिक शुल्क र चर्को जरिवानाको भार थोपरेको छ । सडकको हिलाम्मे र धुलाम्मे अवस्था सुधार्ने, यातायात व्यवस्थापनलाई आधुनिक र सुरक्षित बनाउने कुनै दीर्घकालीन योजना सरकारसँग छैन। तर, गरिब र श्रमजीवी नागरिकलाई कहिले कुन बहानामा त कहिले कुन शीर्षकमा जरिवाना र शुल्क असुलेर आर्थिक रूपमा टाट पल्टाउने काम मात्र गरिएको छ। यो नियमन होइन, राज्यले नागरिकमाथि गरेको आर्थिक शोषण हो उनले भने।

सरकार जनताको गाँस, बास, कपास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्न पूर्ण रूपमा असफल भइसकेको छ। आफ्नो असफलता लुकाउन नै यो राजनीतिक 'सर्कस' देखाइँदै छ । हामी सरकारलाई चेतावनी दिन चाहन्छौँ कि तत्काल यस्ता जनविरोधी, अपरिपक्व र निरंकुश कदमहरू सच्याइयोस् । जनता पीडामा छटपटाइरहेका बेला सरकारको स्टन्टबाजी लामो समय चल्नेवाला छैन।

नेपाल कम्युनिस्ट पार्टी र सिंगो युवा पुस्ता सरकारको यस्तो जनविरोधी रवैयाविरुद्ध चुप लागेर बस्दैन। जनताको अधिकार रक्षा र न्यायका लागि हामी सडक र सदन दुवै मोर्चाबाट सशक्त आन्दोलन र आवाज उठाइरहनेछौँ।

## सम्पादकीय

# न्यायको खोजीमा पैदल मार्च: राज्यले सुनुवाइ गर्नुपर्ने बेला

असार २५ गते जनकपुरबाट शुरु भएको मिटरब्याजविरुद्धको पैदल न्याय मार्च आइतबार चौथो दिनमा सर्लाहीको लालबन्दीबाट काठमाडौँतर्फ अघि बढेको छ। उद्यमी तथा पीडितहरूको यो साहसिक यात्राले समाजको गहिराइमा बसेको असन्तुष्टि र असमताको चित्र प्रस्तुत गरेको छ । राज्यलाई ब्युँझाउन र आफ्ना हकअधिकार स्थापना गर्न उनीहरूले थालेको यात्राको गन्तव्य काठमाडौँ हो, जहाँ निर्णयकर्ताहरू छन् तर सुनुवाइ छैन।

'चुपचाप तमसुक फाड' र 'अधिकार माग्न काठमाडौँ जान पर्दैन' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेर मार्चमा सहभागी भएका यी पीडितहरूको प्रतिरोधले सामान्य नागरिकको आक्रोशलाई शब्द दिनुका साथै संवैधानिक अधिकारको माग पनि गरेको छ। मिटरब्याजको पीडा केवल आर्थिक हानि मात्र होइन, यो सामाजिक न्यायको अभाव र शक्तिशाली वर्गविरुद्ध निम्न वर्गको असहायताको प्रतीक हो। पैदल यात्रा गरेर राजधानी पुग्ने उनीहरूको प्रतिबद्धताले आफ्नो मुद्दामाथिको अडग विश्वास देखाएको छ।

प्रत्येक दिन करिब २० देखि २६ किलोमिटर पैदल यात्रा गर्दै राजधानीतर्फ प्रस्थान गरिरहेका सहभागीहरूले आयोजकका अनुसार सरकारले चारपटक सहमति गरे पनि प्रतिबद्धता कार्यान्वयन नगरेकाले दबाब दिन फेरि काठमाडौँ जानुपर्ने अवस्था आएको बताएका छन्। यो सरकारको असफलता र अपारदर्शिताको प्रत्यक्ष परिणाम हो। सहमति र प्रतिबद्धता मात्र पर्याप्त हुँदैन, कार्यान्वयन नभएसम्म पीडितको भरोसा अर्को कोहीमा जान सक्दैन। राज्यले आफ्नो जवाफदेहिताप्रति प्रतिबद्ध हुनुपर्छ।

एक साताभित्र काठमाडौँ पुग्ने कार्यतालिका रहेको यो मार्चले नेपालको संवैधानिक लोकतन्त्रमा समावेशी न्यायको मागलाई उच्च स्थान दिएको छ। मिटरब्याजको समस्या केही दशक पुरानो छ र यसले हजारौँ निम्न तथा मध्यम वर्गीय परिवारलाई आर्थिक क्षति पुर्याएको छ। उद्यमी, कृषक र व्यापारीहरूलाई ब्याजको बोझले थप न्यासिलो बनाएको छ, जसले उत्पादनशीलतामा ठूलो असर परेको छ। राज्यले अब यसलाई केवल मुद्दाको कुरा नभई विकास र न्यायको प्रश्नका रूपमा लिएर तत्काल समाधान दिनुपर्छ।

अन्त्यमा, पैदल न्याय मार्च भनेको केवल आन्दोलन मात्र होइन, यो नेपाली जनताको अधिकारप्रतिको अटल विश्वास र संघर्षको अभिव्यक्ति हो। सरकारले यसलाई राजनीतिक नारा वा अस्थायी सन्तुष्टि दिने विषयका रूपमा मात्र नलिई स्थायी र प्रभावकारी समाधानको बाटो खोल्नुपर्छ। तमसुक फाड्ने आवाज सुनुवाइमा परिणत हुन सकेमात्र न्यायको मार्ग खुल्नेछ। न्यायको खोजीमा पैदल हिँडेका यी पाइलाहरूले राज्यको ढोका ढकढकाइरहेका छन्: अब सुन्ने बेला सरकारको हो।

# महिलामैत्री कार्यक्रमले बदलिँदै वीरेन्द्रनगर

रमा केसी/रासस



तीन वर्षअघिसम्म वीरेन्द्रनगर नगरपालिका–७ की ६६ वर्षीया मन्धरी नेपालीका लागि सामान्य उपचारसमेत सहज थिएन। अपाङ्गता भएकी उनी मधुमेह र उच्च रक्तचापबाट पीडित थिइन् । बिहान–बेलुकाको छाक टार्नै कठिन हुने आर्थिक अवस्थाका कारण नियमित स्वास्थ्य परीक्षण र औषधि खरिद गर्नु उनका लागि असम्भव जस्तै थियो।

वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि 'अति विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम' सञ्चालनमा ल्याएपछि उनको जीवनमा सकारात्मक परिवर्तन आएको छ। नगरपालिकाले परिवारका पाँच सदस्यको स्वास्थ्य बिमा गरिदिएपछि उनी अहिले निर्धक्क भएर नियमित स्वास्थ्य परीक्षण गराउँछिन् र आवश्यक औषधि पनि सहजै पाउँछिन्।

मन्धरीले भनिन्, 'पहिले नियमित जाँच गराएर औषधि ल्याउने पैसाको जहिले पनि अभाव हुन्थ्यो, नगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिएपछि उपचार गर्न धेरै सहज भएको छ।'

नगरपालिकाले सुरु गरेको यो कार्यक्रमबाट अति विपन्न र गरीबलाई स्वास्थ्य सेवा लिन सहज भएको छ। नगरपालिकाका अनुसार यो कार्यक्रमबाट ३० जनाभन्दा धेरै विपन्नले लाभ लिएका छन्। बिमा गर्दा सुरुमा लाग्ने तीन हजार ५ सय रुपैयाँ नगरपालिकाले नै तिरिदिन्छ।

नगरपालिका प्रमुख मोहनमाया ढकालले नगरभित्रका महिला, बालबालिका, विपन्न, सीमान्तकृतलगायतका नागरिकको स्वास्थ्य, शिक्षा र सहज सेवालाई प्राथमिकतामा राखिएको बताइन्। नगरपालिकाले विपन्न, ज्येष्ठ नागरिक र दीर्घ रोगीका लागि निःशुल्क स्वास्थ्य बिमा, ज्येष्ठ नागरिक तथा गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सञ्चालनलगायतका कार्यक्रम सुरु गरेको छ।

नगरपालिकाको कार्यक्रमले वीरेन्द्रनगर नगरपालिका–५ कालिका मन्दिरकी ३३ वर्षीया लक्ष्मी नेपालीलाई पनि निकै सहज भएको छ। आर्थिक अवस्था कमजोर भएकी नेपालीले नगरपालिकाले सञ्चालन गरेको महिला स्वरोजगार कार्यक्रमअन्तर्गत अटो रिक्सा चलाउने तालिम दिएपछि अहिले उनको जीवन फेरिएको छ। पहिले घरको काममै बित्ने उनको दैनिक अहिले अटोको धपेडीमा बित्न थालेको छ।

लक्ष्मी अहिले श्रीमान्सँगै अटोरिक्सा चलाएर दैनिक तीन हजार रुपैयाँ भन्दा बढीको कारोबार गर्छिन्। उनी भन्छिन्, 'सबै खर्च कटाएर दैनिक रु एक हजार त बचत गर्छु, आफैँले कमाउन थालेपछि आत्मविश्वास बढेको छ।'

वीरेन्द्रनगर नगरपालिकाले चार वर्षभित्र प्रत्येक घरका कम्तीमा एक जना महिलालाई स्वरोजगार बनाउने उद्देश्यले छ वर्षअघि यो कार्यक्रम ल्याएको थियो।

'समृद्ध वीरेन्द्रनगरको आधार : एक घर एक महिला रोजगार' कार्यक्रमअन्तर्गत महिलालाई स्वरोजगार बनाउनका लागि व्यवसायका आधारमा ५० प्रतिशतविना ब्याजको ऋण र ५० प्रतिशत अनुदान दिने गरिएको छ। नगरपालिकाले अनुदानमा तालिम लिएका महिलामध्ये हाल ३६ जना महिलाले अटो चलाइरहेका छन्। महिला स्वरोजगार कार्यक्रमअन्तर्गत धेरै महिला विभिन्न रोजगारमूलक काममा आवद्ध भएको प्रमुख ढकालले जानकारी दिइन्।

कार्यक्रमबाट लाभान्वित हुनेमा वीरेन्द्रनगर–२ की ४५ वर्षीया सीता गौतम पनि हुन्। उनी चार वर्षदेखि कृषि पेसामा आबद्ध हुन् । नगरपालिकाले ५० प्रतिशत अनुदानमा बीउ टनेल उपलब्ध गराएपछि उन यसमा जोडिएकी हुन्। नगरपालिकाले बोरिङ पनि दिएपछि खानेपानी र सिँचाइ गर्न सजिलो भएको उनको भनाइ छ । उनले भनिन्, 'अहिले तरकारीखेतीबाट वार्षिक रुपमा दुईदेखि तीन लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ।'

नगरपालिकाका प्रमुख ढकालले 'छोरी हुनुमा गर्व गर' भन्ने नारासहित बालविवाह, बहुविवाह, बालश्रम मुक्त नगर जस्ता अभियान सञ्चालनमा ल्याएकी छिन् । हाल नगरपालिकामा महिलाको स्वास्थ्य, आमा सुरक्षा कार्यक्रम, छोरी जन्म बचत खाता, महिला स्वरोजगार, मेयरसँग महिला किसानलगायत दर्जनभन्दा बढी महिलासम्बन्धी कार्यक्रम सञ्चालनमा छन्।

छोरी बचत खाताअन्तर्गत वीरेन्द्रनगरमा जन्मिएका एक हजारभन्दा बढी छोरीहरुको बैंक खाता खोलिएको छ । साथै गर्भवती तथा सुत्केरीको स्वास्थ्य सुरक्षाका लागि 'हेलो गर्भवती आमा' कार्यक्रम सञ्चालन भइरहेको छ। जसअन्तर्गत दक्ष स्वास्थ्यकर्मीहरूले फोनमार्फत परामर्श, स्वास्थ्य सल्लाह र सुत्केरी पूर्व÷पछिको जानकारी घरमै उपलब्ध गराउँछन्।

महिलाका लागि निःशुल्क स्यानिटरी प्याड, गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवा, निःशुल्क भिडियो एक्सरे कार्यक्रम पनि सञ्चालन गरिएको छ। यी कार्यक्रम एकदमै प्रभावकारी भएको प्रमख ढकालको भनाइ छ।

साथै नगरपालिकाले पाँच शय्याको महिला तथा बालबालिका नगर अस्पताल सञ्चालन गरेको छ। अस्पताल कर्णाली प्रदेशमै मातृ शिशु स्वास्थ्य सुरक्षाका लागि प्रभावकारी सेवा प्रदान गर्न अतिसहज र उपयोगी भइरहेको स्थानीयको भनाइ छ।

**नगरमा सुधारको सुरुवात**

वीरेन्द्रनगरको नेतृत्वमा आफू आएपछि नगर सुधारका लागि धेरै कामको सुरुवात गरेको ढकाल बताउँछिन्। वीरेन्द्रनगरलाई 'शैक्षिक हब' को रूपमा विकास गर्न नगरपालिकाले १० वर्षे शैक्षिक रणनीति तयार पारेको छ।

विसं २०९० सम्म प्रदेश राजधानीभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीले महसुस गर्ने गरी शैक्षिक सुधार गरिने उनको भनाइ छ। उनका अनुसार पाठ्यक्रमको विकास, शिक्षक व्यवस्थापन, सामुदायिक विद्यालय सबलीकरण, अनौपचारिक शिक्षा, दूर शिक्षा तथा खुल्ला सिकाइ, गुणस्तरीय सार्वजनिक शिक्षा, शिक्षामा सूचनाप्रविधि र समावेशी शिक्षालाई उक्त शिक्षा मोडेलले जोड्नेछ।

'उज्यालो र सुरक्षित वीरेन्द्रनगर' अभियान अन्तर्गत चोक र मुख्य सडकमा हाई मास लाइट र सिसीटिभी क्यामेरा जडान भएका छन् । नगरपालिकाले मुख्यबजारमा फुटपाथ खाली गराएको छ । सार्वजनिक जग्गाको संरक्षणमा कडाइका साथ लागेको उन बताउँछन् । वीरेन्द्रनगरमा खानेपानीको समस्या दीर्घकालीन रूपमा समाधान गर्न अघि सारिएको भेरी लिफ्ट खानेपानी आयोजनाको अहिले धमाधम काम भएको छ।

यी योजना सम्पन्न भए वीरेन्द्रनगरवासीले भोगिरहेको खानेपानी सङ्कटको समस्या समाधान हुने भन्दै उनले आगामी ५० वर्षसम्म पानीको अभाव झेल्न नपर्ने बताए । बढ्दै गएको सहरीकरणका कारण नगरपालिकाको फोहोर व्यवस्थापनमा समस्या भइरहेको छ।

प्रमुख ढकालका अनुसार नगरपालिकाको फोहोरमैला दिगो व्यवस्थापनका लागि व्यवस्थित ल्यान्डफिल साइट निर्माण गरिएको छ भने फोहरबाट मोहोर कार्यक्रम सञ्चालनमा छ । वीरेन्द्रनगर वातावरण र दिगो व्यवस्थापनमा देशकै उत्कृष्ट पालिकाको रूपमा तीन वर्ष अघि नगरपालिका महासंघबाट पुरस्कृत भएको थियो । फोहोर व्यवस्थापनबाट वार्षिक ३० लाख रुपैयाँ राजस्व सङ्कलन हुने गरेको छ।

ठूला योजनामा भएन काम

नगरप्रमुख ढकालको नेतृत्वले नगरलाई समृद्ध बनाउनका लागि विभिन्न योजना अगाडि सारेपनि कार्यान्वयनमा अझै समस्या देखिएको स्थानीयको गुनासो छ। वीरेन्द्रनगर–१ का लोकबहादुर गुरुङले नगरभित्रको फोहर व्यवस्थापन नहुँदा सबैभन्दा ठूलो समस्या आफ्नो समुदायले भोगेको बताए।

'अहिलेसम्म ल्याण्डफिल साइट बनेको छैन, फोहरको दुर्गन्धले घरमा बस्न नसक्ने अवस्था छ, स्वास्थ्यमा समस्या देखिन थालेको छ,' उनले भने। लामो समयदेखि फोहर व्यवस्थापन गर्छौं भनी प्रतिबद्धता जनाए पनि काम भने नगरेको गुरुङको गुनासो छ।

फोहर व्यवस्थापन हुन नसक्नुको समस्या ढल निकास प्रणाली पनि हो। वर्षायाममा निकास नहुँदा वीरेन्द्रनगरको तल्लो क्षेत्रका बस्ती डुबानमा पर्ने गरेका छन्।

स्थानीय सुरेन्द्र कार्कीले सडक तथा सहरी पूर्वाधारतर्फ पनि उल्लेखनीय सुधार नभएको गुनासो गरे । 'भित्री सडकको अवस्था नाजुक छ, बजार क्षेत्रमा पार्किङ व्यवस्थापन स्पष्ट नहुँदा जाम बढ्दो छ भने सहरी सौन्दर्यकरणका काम पनि अधुरै छन्,' उनले भने।

नगरवासीले वर्षौंदेखि भोग्दै आएको मुख्य समस्या खानेपानीको अभाव हो। नगरपालिकाले भेरी नदीको पानी पम्पिङ गरी वीरेन्द्रनगर उपत्यकामा ल्याउने योजना अघि सारेको करिब एक दशकपछि अहिले निर्माण कार्य सुरु भएको छ। तर, बढ्दो जनसंख्याका कारण विशेषगरी खडेरीको समयमा नगर क्षेत्रमा खानेपानीको समस्या झन् चर्किने गरेको छ।

वीरेन्द्रनगर–७ की इन्दिरा केसीका अनुसार नगरका कतिपय वडामा अझै नियमित रूपमा खानेपानी उपलब्ध हुँदैन। पर्याप्त पानी नआउँदा ट्याङ्करको भर पर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ।

नगरपालिकाले योजना घोषणा गरे पनि तिनको स्पष्ट प्राथमिकता, समय सीमा र कार्यान्वयनको ठोस ढाँचा नहुँदा अपेक्षित परिणाम हासिल हुन नसकेको नगरवासीको गुनासो छ।

# उद्यमीदेखि प्रशिक्षकसम्मको यात्रा

–अञ्जली थापा/रासस



हेटौँडा–५ पिप्लेकी विष्णुकुमारी राईलाई १२ वर्षअघि समाजले एउटा सामान्य गृहिणीभन्दा बढी केही ठानेको थिएन। अहिले अवस्था फेरिएको छ। त्यही समाजले काठका सामग्री बनाउन, सीप सिकाउन र उद्यम सञ्चालनका लागि उनकै सहयोग खोज्छ।

सामान्यतया कामकाजी भन्नेबित्तिकै सफा पोशाक, सुविधासम्पन्न कार्यालय, कम्प्युटर, फाइल र मासिक तलबको कल्पना गरिन्छ । तर विष्णुकुमारीको कार्यस्थल भने काठको धुलोले भरिएको कार्यशाला हो। बिहान घरधन्दा सकेपछि उन काठका मुडा, फल्याक र अन्य सामग्रीमा सुन्दर बुट्टा कुँद्न थाल्छिन्। बिहान १० बजेदेखि साँझ ५ बजेसम्म विष्णुकुमारीको समय सिर्जनात्मक श्रममै बित्छ।

दैनिक हजारौँ युवा रोजगारीको खोजीमा विदेशिइरहेका बेला महिलाले काठको काम गरेर जीवन धान्नु अझै पनि धेरैका लागि नौलो विषय हो। तर विष्णुकुमारीका लागि यही श्रम सम्मान, आत्मविश्वास र पहिचान बनेको छ। दिनभरि शरीर थाके पनि उनको मन भने नयाँ सृजना गर्ने उत्साहले भरिएको हुन्छ।

'रात बितेर बिहान कहिले हुन्छ र फेरि काममा फर्कन पाइन्छ भन्ने लागिरहन्छ,' विष्णुकुमारी मुस्कुराउँदै भन्छिन् । एक समय उनको दैनिकी घरधन्दा, गाईवस्तुको स्याहार, घाँसदाउरा र सोत्तर बोक्नमै सीमित थियो। पिप्लेपोखरा सामुदायिक वन उनका लागि घाँस र दाउराको स्रोतमात्रै थियो । तर सामुदायिक वनले हरित रोजगारी र वनमा आधारित उद्यम विकासको अवधारणा अघि सारेपछि विष्णुकुमारीको सोचमात्र होइन, जीवन नै बदलियो। घाँसदाउरा बोकेका ती हातले अहिले काठका मुडा, फल्याक र काष्ठ हस्तकलाका आकर्षक सामग्री सृजना गर्छन्। सुरुमा महिलाले पनि काठको काम गर्न सक्छन् भन्ने विश्वास उनलाई स्वयंलाई थिएन।

तर एक दिन सामुदायिक वनमार्फत महिलालाई उद्यमी बनाउने उद्देश्यले काष्ठ हस्तकलाको तालिम सञ्चालन हुने जानकारी पाएपछि विष्णुकुमारीको जीवनले नयाँ मोड लियो। त्यो दिन आवश्यक्तासँगै रहरले सुरु गरेको तालिम नै उनको भविष्य बन्यो। तालिमपछि उनले काष्ठ हस्तकलालाई व्यवसायका रूपमा अघि बढाउने निर्णय गरे । अहिले विष्णुकुमारीको नेतृत्वमा सञ्चालित 'श्रमजीवी महिला काष्ठ हस्तकला लघुउद्यम'ले सामूहिक रूपमा सामग्री उत्पादन गर्दै राम्रो आम्दानी गरिरहेको छ।

'एकले थुकी सुकी, हजारले थुकी नदी' उखान सम्झँदै उनी भन्छिन्, 'हामी समूहमा काम गर्छौँ। एउटाको सीप अर्कोको बल बन्छ । त्यसैले हाम्रो उत्पादन पनि बढेको छ र आम्दानी पनि।' उनहरूको समूहले वनमा खेर जाने विभिन्न प्रकारका काठलाई उपयोग गरेर ढोकाका बुट्टा, फोटो फ्रेम, घण्टी फ्रेम, उपहार सामग्री, सजावटका सामग्री, फर्निचरमा प्रयोग हुने कलात्मक डिजाइन, बक्स, पलङका बुट्टालगायत दर्जनौँ सामग्री उत्पादन गर्दै आएको छ।

अस्मिता नेपालले एपीएफ नेटको सहयोगमा प्रदान गरेको तालिमले उनहरूलाई सीप सिकाउनेमात्र होइन, उद्यम सञ्चालन गर्ने आत्मविश्वास पनि दियो। त्यसपछि आवश्यक उपकरण र थप सीप विकासका अवसर पनि प्राप्त भए । पछिल्ला वर्षहरूमा ग्रिन फाउन्डेसन नेपालले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रदर्शनीमा सहभागी गराउँदै बजार विस्तारमा महत्त्वपूर्ण सहयोग गरेको विष्णुकुमारी बताउँछिन्। त्रिचालीस वर्षीया राई जिज्ञासु र सिक्न चाहने स्वाभावकी हुन्। अहिले विभिन्न सङ्घसंस्था तथा स्थानीय तहबाट तालिम सञ्चालनका लागि उनलाई प्रशिक्षकका रूपमा निमन्त्रणा आउन थालेको छ। आफूले सिकेको सीप अब अरू महिलालाई सिकाउन पाउँदा झन् खुसी लाग्ने उनी बताउँछिन्।

विष्णुकुमारी भन्छिन्, 'सुरुमा त मलाई धेरैले हाँसोको पात्र बनाए। महिलाले काठको काम गर्न सक्दैनन् भन्ने धारणा थियो, आफ्नै परिवारलाई पनि विश्वास लाग्दैनथ्यो, तर अहिले त्यहीँ मानिसहरूले मेरो कामको प्रशंसा गर्छन्।' उनका अनुसार इच्छाशक्ति, निरन्तर अभ्यास र अवसर पाए महिलाले जुनसुकै क्षेत्रमा सफलता हासिल गर्न सक्छन् । अहिले उनहरूको उत्पादन काठमाडौँसहित देशका विभिन्न सहर, कोसेलीघर तथा विभिन्न सङ्घसंस्थामार्फत बिक्री हुने गरेको छ।

विष्णुकुमारीको सफलताको अर्को महत्त्वपूर्ण आधार पिप्लेपोखरा सामुदायिक वन पनि हो। सामुदायिक वनले अहिले पनि आवश्यक कच्चा पदार्थ उपलब्ध गराउँदै आएको छ । वनले महिलालाई घाँस–दाउराको उपभोक्ताबाट हरित उद्यमी बनाउने अभियान सफलतापूर्वक सञ्चालन गरेको उनको अनुभव छ । पछिल्लो समय हेटौँडा उपमहानगरपालिकाको सहयोगले उद्यमलाई थप विस्तार गर्न सहज भएको विष्णुकुमारी बताउँछिन्।

हेटौँडा उपमहानगरपालिकाले स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरेपछि सयौँ महिलाको जीवनमा यस्तै परिवर्तन आएको छ। घरभित्र सीमित रहेका महिला अहिले आफ्नै उत्पादन बजारमा बिक्री गरिरहेका छन्, समूह सञ्चालन गरिरहेका छन् र परिवारको आर्थिक आधार बलियो बनाइरहेका छन्। उद्योग शाखाका अनुसार उपमहानगरपालिकाले हालसम्म आठ सयभन्दा बढी व्यक्तिलाई विभिन्न प्रकारका उद्यमशीलता तथा सीपमूलक तालिम प्रदान गरेको छ । तीमध्ये २६८ जना सक्रिय रूपमा उद्यम सञ्चालन गरिरहेका छन्।

अधिकांश उद्यममा महिलाको उल्लेखनीय सहभागिता रहेको छ । 'एक वडा, एक उद्यम' अवधारणाअन्तर्गत हेटौँडा–१२ मा अग्र्यानिक गुन्द्रुक उत्पादन, वडा नं ६ मा दालमोठ उद्योग, वडा नं ८ मा वनजन्य कच्चा पदार्थमा आधारित धूप उद्योग, वडा नं ५ मा काष्ठ हस्तकला तथा वडा नं १८ मा बेसारखेती तथा प्रशोधन उद्योग सञ्चालनमा छन्। यी उद्यमले स्थानीय उत्पादनलाई व्यावसायिक रूप दिँदै रोजगारी, आयआर्जन र आत्मनिर्भरताको नयाँ आधार निर्माण गरेका छन्।

उपमहानगरले सीप विकासमा मात्र सीमित नरही उद्योग दर्ता, ब्रान्डिङ, प्याकेजिङ, खाद्य अनुज्ञापत्र, प्रदर्शनी सहभागिता तथा बजार विस्तारमा समेत सहजीकरण गरिरहेको छ। त्यसको प्रत्यक्ष लाभ महिलाले पाएका छन् । हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले निर्वाचनताका घोषणा गरेको महिला उद्यम विकासको प्रतिबद्धता अहिले व्यवहारमै देखिन थालेको छ। स्थानीय स्रोतलाई बजारसँग जोड्ने नीति, सीप विकास, सरकारी लगानी र बजार पहुँचको प्रभावकारी संयोजनले हेटौँडाका महिलालाई आत्मनिर्भर उद्यमीका रूपमा स्थापित गरिरहेको छ।

विष्णुकुमारी त्यसै परिवर्तनको सशक्त उदाहरण हुन्। एक समय घाँस–दाउरा बोकेर घर फर्किने उन आज आफ्नै सीपले उद्यम सञ्चालन गर्ने, अन्य महिलालाई रोजगारी दिने र प्रशिक्षकका रूपमा नयाँ पुस्तालाई प्रेरणा बाँड्ने स्थानमा पुग्नुभएको छ। उनको यात्रा केवल एउटा महिलाको सफलता होइन, अवसर, सीप र आत्मविश्वासले जीवन कसरी बदल्न सक्छ भन्ने प्रेरणादायी कथा पनि हो।

# योगदानमा आधारित किसान पेन्सन ल्याउने सरकारको प्रतिबद्धता,

## वास्तविक किसानलाई मात्रै अनुदान र सामाजिक सुरक्षा



**काठमाडौँ ।**
सरकारले योगदानमा आधारित किसान पेन्सन योजना लागू गर्ने स्पष्ट प्रतिबद्धता जनाएको छ । साथै किसान परिचयपत्रका आधारमा वास्तविक किसानलाई मात्र सरकारी अनुदान, सहुलियत ऋण, विभिन्न सेवासुविधा तथा सामाजिक सुरक्षा उपलब्ध गराइने नीति अघि सारेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको 'राष्ट्रिय प्रतिबद्धता' मा समेटिएका १६ प्राथमिकतामध्ये दोस्रो नम्बरमा 'कृषि पेसाको सम्मान र आत्मनिर्भरता'लाई विशेष प्राथमिकता दिइएको छ । उक्त प्रतिबद्धताअनुसार किसानलाई दीर्घकालीन सामाजिक सुरक्षाको दायरामा ल्याउन योगदानमा आधारित पेन्सन प्रणाली लागू गरिनेछ । सरकारले किसान परिचयपत्रलाई आधार मानेर वास्तविक कृषकको पहिचान गर्ने र उनीहरूलाई मात्रै अनुदान, सहुलियतपूर्ण ऋण, सरकारी सेवा तथा सामाजिक सुरक्षा कार्यक्रम उपलब्ध गराउने नीति लिएको जनाएको छ । बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकार गठन भएको दिन अर्थात् चैत १३ गते सार्वजनिक गरिएको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीलाई आधार बनाउँदै, गत फागुन २१ गते सम्पन्न निर्वाचनमा सहभागी भएका राष्ट्रिय मान्यताप्राप्त छ राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धतालाई समेत समेटेर यो राष्ट्रिय प्रतिबद्धता तयार गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।असार १८ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त राष्ट्रिय प्रतिबद्धताका केही कार्यक्रम आगामी आर्थिक वर्ष २०८३÷०८४ को नीति तथा कार्यक्रम तथा बजेटमा समावेश भइसकेका छन् । बाँकी विषयहरूलाई आगामी सुधारका एजेन्डासँग जोड्दै क्रमशः कार्यान्वयनमा लैजाने सरकारको तयारी रहेको जनाइएको छ । कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने उद्देश्यसहित सरकारले आयात प्रतिस्थापनमा जोड दिने नीति पनि अघि सारेको छ । भारतसँगको व्यापार व्यवस्थालाई कृषि उत्पादनको हितमा पुनर्सन्तुलन गर्दै नेपालमै उत्पादन सम्भव भएका कृषि उपजको उत्पादन वृद्धि गर्ने लक्ष्य राखिएको छ । यसका लागि कृषि क्षेत्रसँग सम्बन्धित नीति, कानुन तथा भन्सार प्रणालीमा आवश्यक सुधार गरिने सरकारको प्रतिबद्धतामा उल्लेख छ । कृषि उद्यम र कृषि उद्योगलाई विशेष प्राथमिकतामा राख्दै कर छुट, भन्सार सहुलियत तथा लगानी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने पनि जनाइएको छ । त्यसैगरी, भू–उपयोग योजनाको पुनरावलोकन गर्दै बाँझो कृषि जमिनको उपयोग बढाउने, चक्लाबन्दी तथा जग्गा एकीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने सरकारको योजना रहेको राष्ट्रिय प्रतिबद्धतामा उल्लेख गरिएको छ ।

# मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा मन्त्री चौधरीको जोड



**चितवन ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सौराहास्थित हात्ती प्रजनन तथा तालिम केन्द्रलाई व्यवस्थित गरी उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिएकी छन् । वार्षिक करिब दुई लाख पर्यटक केन्द्रको भ्रमणमा आउने गरेकाले यसलाई अझ व्यवस्थित गर्नुपर्नेमा उनले जोड दिएकी हुन् । केन्द्रको निरीक्षणपछि मन्त्री चौधरीले धेरैभन्दा धेरै पर्यटकलाई आकर्षित गर्न केन्द्रलाई व्यवस्थित गर्नुपर्ने बताइन् । त्यसका लागि मन्त्रालयबाट आवश्यक सहयोग हुने उनको भनाइ थियो ।
मन्त्री चौधरीले केन्द्रमा कार्यरत कर्मचारीका सेवा सुविधा तथा स्थायी नियुक्तिसम्बन्धी समस्याबारे पनि जानकारी लिइन् । उनले प्रजनन केन्द्र तथा निकुञ्ज क्षेत्रमा रहेका हात्तीको पालनपोषण र व्यवस्थापनमा विशेष ध्यान दिन निर्देशन दिइन् ।
हाल केन्द्रमा नौ वटा ढोई र सात वटा छावा छन् । यहाँका छावालाई हुर्काएर तालिम दिई विभिन्न कार्यमा परिचालन गर्ने गरिएको छ । निकुञ्जमा एउटा हात्तीको स्याहारका लागि तीन जनाको दरबन्दी छ ।
त्यसअघि चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुनले केन्द्रको अवस्था तथा समस्याबारे मन्त्री चौधरीलाई जानकारी दिएका थिए । यसैगरी, मन्त्री चौधरीले असार २० गते भरतपुर महानगरपालिका–२३ मा जङ्गली हात्तीको आक्रमणमा परी मृत्यु भएका २१ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेका अभिभावकसँग भेट गरिन । मन्त्री चौधरीले माडी नगरपालिका–१ सेरुवाका बाघको आक्रमणबाट घाइते भई अपाङ्ग भएका सूर्य महतो तथा सोही वडाका गैँडाको आक्रमणबाट घाइते भएका मङ्ले बोटेसँग पनि भेट गरिन् । उनीहरूलाई जीविकोपार्जनका लागि प्रतिव्यक्ति पाँच लाखका दरले आर्थिक सहयोग उपलब्ध गराइएको जानकारी दिँदै मन्त्री चौधरीले मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण सरकारको प्राथमिकतामा रहेको बताइन् । रासस

# गृहमन्त्रीसहित मन्त्रीहरू होल्डिङ सेन्टरको अवलोकनमा



**काठमाडौँ ।**
गृहमन्त्री सुधन गुरुङसहित विभिन्न मन्त्रीहरूले आइतबार भक्तपुरको खरिपाटीस्थित होल्डिङ सेन्टरमा पुगेर अवलोकनका गरेका छन् । मन्त्री गुरुङसँगै सरकरका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादी, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता र युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव त्यहाँ पुगेका थिए ।
भूमि व्यवस्थामन्त्री रावलले आवश्यक प्रक्रिया पूरा गरेर लालपुर्जा दिएपछि आगामी दिनमा कसैलेपनि औँला ठड्याउन नसक्ने गरी सरकारले काम गरिरहेको बताएकी छिन् । सुकुमबासी व्यवस्थापनका लागि केही समय लाग्ने उल्लेख गर्दै उनले सरकारले सुकुमबासीको दीगो समाधान गर्ने गरी काम गरिरहेको बताए । उहाँले सुकुमबासीका नाममा कसैलाई पनि राजनीतिक नगर्न आग्रह गरेका छन् ।
उनीहरुले सुकुम्बासीहरूसँग छलफल समेत गरेर तत्कालीन र दीर्घकालीन व्यवस्थापनबारे सरकारको तयारीबारे अवगत गराएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । कीर्तिपुरस्थित होल्डिङ सेन्टर डुबानमा परेपछि त्यहाँ रहेका सुकुमबासीलाई खरिबोटस्थित होल्डिङ सेन्टरमा स्थानान्तरण गरिएको छ । रासस

# मृतक नेपालीका परिवारसँग आठ बुँदे सहमति, छानविन समिति गठन गरिने



**काठमाडौँ ।**
सरकार र गणेश नेपालीका परिवारबीच आठ बुँदे सहमति भएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौँमा १४ घण्टा लामो वार्तापछि आज बेलुका ५:०० बजे नेपाल सरकार, काठमाडौँ महानगरपालिका र पीडित पक्षबीच आठ बुँदे सहमति जुटेको हो ।
मुगुको सोरु गाउँपालिका–१ जवलधारा घर भएका नेपालीले यही असोज २५ गते त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका थिए । उनको वीर अस्पतालको 'बर्न युनिट'मा उपचारका क्रममा यही असार २५ गते राति निधन भएको थियो । उक्त घटनालाई लिएर पीडित पक्ष आन्दोलित भएका थिए । सहमति भएसँगै पीडित पक्ष नेपालीको शव परीक्षणका प्रक्रिया अगाडि बढाउन र शव बुझ्न सहमत भएका छन् ।
सहमति पत्रमा नेपाल सरकार तथा काठमाडौँ महानगरपालिकाले मृतक गणेश नेपालीको दुःखद् निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गरेका छन् भने शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् । सहमतिअनुसार उक्त घटनाको सत्यतथ्य र निष्पक्ष छानविन गर्न नेपाल सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा यथाशीघ्र एक स्वतन्त्र छानविन समिति गठन गर्नेछ । उक्त समितिले सात दिनभित्र आफ्नो प्रतिवेदन सरकारसमक्ष पेस गरिसक्नु पर्नेछ । साथै मृतक नेपालीलाई सहिद घोषणा गर्ने सम्बन्धमा प्रचलित कानुन, विगतको अभ्यास तथा गठन हुने छानविन समितिको प्रतिवेदन र सिफारिसका आधारमा नेपाल सरकारले आवश्यक निर्णय प्रक्रिया अगाडि बढाउने पनि सहमति भएको छ ।
यस्तै, उक्त दिन घटनास्थलको अग्रभागमा खटिएका काठमाडौँ महानगरपालिकाका महानगर नगरीय प्रहरी बलका कर्मचारीहरूलाई हालका लागि निलम्बन गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौँले महानगरपालिकालाई लेखी पठाउने र पछि छानबिन आयोगको प्रतिवेदन तथा सिफारिस बमोजिम कारबाही प्रक्रिया अघि बढाउने सहमति भएको छ ।
साथै पीडित परिवारको दीर्घकालीन आर्थिक तथा सामाजिक सुरक्षा सुनिश्चित गरिएको छ । साथै मृतककी श्रीमती एकमाया नेपालीलाई निजको योग्यता तथा क्षमताका आधारमा काठमाडौँ महानगरपालिकाले रोजगारी सुनिश्चित गर्नेछ । मृतककी आश्रित छोरीको उच्च शिक्षासम्मको अध्ययनका लागि महानगरले आवश्यक प्रबन्ध मिलाउने छ । यस कार्यका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूले आवश्यक सहजीकरण गर्नेछन् ।
त्यसैगरी, मृतकको परिवारलाई महानगरले राहतस्वरूप यथोचित रकमसमेत उपलब्ध गराउनेछ । त्यस्तै, तत्कालका लागि आवश्यक मानवीय र व्यावहारिक पक्षलाई सम्बोधन गर्दै मृतकको अन्तिम संस्कार (सद्गत) का लागि आवश्यकपर्ने सम्पूर्ण व्यवस्था तथा काठमाडौँमा गरिने काजकिरियाको आवश्यक व्यवस्थापन पनि महानगरले मिलाउने सहमति भएको छ । मृतकका एकाघरका परिवारजनको आतेजाते (यातायात) खर्च एवं काठमाडौँमा काजकिरिया अवधिभर रहँदा–बस्दा हुने सम्पूर्ण खर्चको प्रबन्धसमेत महानगरपालिकाले नै बेहोर्ने सहमतिपत्रमा उल्लेख छ ।
सहमतिपत्रमा पहिलो पक्ष (नेपाल सरकार तथा स्थानीय तह)का तर्फबाट काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल र काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले हस्ताक्षर गरेका छन् । त्यस्तै, दोस्रो पक्ष (पीडित परिवार तथा वार्ता समिति) को तर्फबाट मृतककी श्रीमती एकमाया नेपाली, बुवा चिने नेपाली, आमा सौरी नेपाली, दाजु मदन नेपाली र बहिनी सुन्दरी नेपालीले हस्ताक्षर गरेका हुन् । वार्ता समितिका सदस्यहरू भक्तबहादुर रावत, धर्मराज शाही, मन नेपाली, प्रवलकुमार चौलागाईं, नवराज न्यौपाने, पदम नेपाली, आशिष देवकोटा र सर्जक बरालले साक्षीका रूपमा हस्ताक्षर गरेका हुन् । रासस

### मनसुन सक्रियः

# केही क्षेत्रमा भारीदेखि अति भारी वर्षाको सम्भावना, सतर्कता अपनाउन आग्रह

**काठमाडौं ।**
देशभर मनसुन वायुको प्रभाव कायम रहँदा आगामी दुईदिन केही प्रदेशका पहाडी तथा तराई क्षेत्रमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको भन्दै जल तथा मौसम पूर्वानुमान महाशाखाले सतर्कता अपनाउन आग्रह गरेको छ ।
महाशाखाका अनुसार हाल मनसुनको न्यून चापीय रेखा पश्चिममा सरदर स्थानभन्दा केही माथि र पूर्वमा नेपालको तराई भूभाग नजिक रहेको छ । यसको प्रभावका कारण देशभर सामान्यदेखि पूर्ण बदली भएको छ । आइतबार कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका केही स्थान तथा सुदूरपश्चिम प्रदेशका एकदुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । आइतबार दिउँसो देशका अधिकांश स्थानमा बदली रहेको थियो । हिमाली तथा पहाडी क्षेत्रमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा भएको छ भने उच्च हिमाली क्षेत्रमा हिमपातसमेत हुन सक्ने महाशाखाले जनाएको छ । मधेश प्रदेश तथा कोशी, बागमती र गण्डकी प्रदेशका तराईका धेरै स्थान र लुम्बिनी तथा सुदूरपश्चिमका केही स्थानमा पनि मेघगर्जन र चट्याङसहित वर्षा हुने सम्भावना छ । मधेशसहित कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका एकदुई स्थानमा भारी वर्षा हुन सक्ने महाशाखाको पूर्वानुमान छ ।
त्यसैगरी, आइतबार राति कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा अधिकांश स्थानमा बदली हुनेछ भने कर्णाली र सुदूरपश्चिममा सामान्यदेखि पूर्ण बदली रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भेग तथा मधेशसहित ती प्रदेशका तराईका केही स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ । ती प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा अति भारी वर्षा पनि हुन सक्ने महाशाखाले जनाएको छ ।
महाशाखाले आइतबार र सोमबार विशेषगरी कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी क्षेत्र तथा मधेशसहित ती प्रदेशका तराईका केही स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेकाले गेगरान बहाव, बाढी, पहिरो र भूक्षयको जोखिम बढ्न सक्ने जनाएको छ ।
प्रतिकूल मौसमका कारण दैनिक जनजीवन, कृषि, स्वास्थ्य सेवा, पर्यटन, पर्वतारोहण तथा सडक र हवाई यातायातमा असर पर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन र महाशाखाबाट जारी हुने मौसमसम्बन्धी सूचना नियमित रूपमा लिन आग्रह गरिएको छ । रासस

# मनसुनजन्य रोगको रोकथामका लागि 'प्रतिकार्य अभियान'

**काठमाडौँ ।**
सरकारले मनसुनजन्य रोगको रोकथाम तथा नियन्त्रणका लागि 'प्रतिकार्य अभियान' को तयारी गरेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले मनसुनजन्य रोगको प्रकोप बढ्ने भएकाले रोकथाम र नियन्त्रणका लागि 'प्रतिकार्य अभियान' को तयारी गरेको हो । स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. अनुज भट्टचनले डेङ्गी, औलो, हैजा, झाडापखला, जापानीज इन्सेफ्लाटिक्स, स्क्रब टाइफस र इन्फ्लुएन्जाजस्ता मनसुनजन्य रोगको प्रकोप नियन्त्रणका लागि 'प्रतिकार्य अभियान'को तयारी गरिएको बताए । उनले सङ्घ, प्रदेश र स्थानीय तहसँग मिलेर ती रोगको रोकथाम तथा नियन्त्रण गर्न जोखिम मूल्याङ्कन गर्ने र जोखिमको स्तरअनुसार तीनै तहबाट प्रतिकार्य गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको जानकारी दिए । रोगको नियन्त्रणमा पहिले भन्दा धेरै नै प्रगति भएको छ । मनसुनजन्य रोगको क्षति न्यूनीकरण गर्न लागेका छौँ, उनले भने, सचेतना अभियान सञ्चालन र रोग लाग्न नदिन विभिन्न उपायबारे छलफल भइरहेको छ ।
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक डा. राधिका थपलियाले मनसुनजन्य रोगको रोकथाम गर्न सामाजिक सञ्जालबाट सर्वसाधारणलाई सचेतना गराउन थालिएको जानकारी दिइन् । हामीले रोग नै लाग्न नदिनका लागि सर्वसाधारणलाई सामाजिक सञ्जालबाट सचेतना अभियान सञ्चालन गराउन सुरु गरेका छौँ, उनले भनिन्, पहिलको तुलनामा सर्वसाधारणमा सचेतना बढेकाले रोगको प्रकोप पनि कम हुँदै गएको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख जनरल कन्सल्टेण्ट फिजिसियन डा. विमल शर्मा चालिसेले रोगको स्रोत र जोखिमका कारणमै रोकथामका काम गर्नु कम खर्चिलो र प्रभावकारी हुने बताए ।
उनले डेङ्गी हैजा, झाडापखला जस्ता रोग मनसुनमा बढी देखिने भएकाले सचेत रहन आग्रह गरे । महाशाखाका कीटजन्य शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले असारदेखि असोजसम्म पानीजन्य रोगका प्रकोप बढी हुने भएकोले सचेत रहन आग्रह गरेका छन् । उनले मनसुन सुरु हुन साथ डेङ्गी सङ्क्रमण बढन् बताए । रासस

# अर्जेन्टिना विश्वकपको सेमिफाइनलमा



**काठमाडौँ ।**
स्विटजरल्यान्डलाई ३–१ गोलले पराजित गर्दै साविक विजेता अर्जेन्टिना फिफा विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ । अमेरिकाको कान्सास सिटी स्टेडियममा आइतबार भएको खेलमा स्विट्जरल्यान्डलाई पराजित गर्दै अर्जेन्टिना विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको हो ।
अर्जेन्टिनाका एलेक्सिस म्याक एलिस्टर, जुलियन अल्भारेल र लाउटारो मार्टिनेजले आफ्नो टोलीलाई एकएक गोलको योगदानबाट सेमिफाइनमा पुर्याएका हुन् । खेलको १०औँ मिनेटमा एलिस्टरले हेड गोल गर्दै अर्जेन्टिनालाई पहिलो अग्रता दिलाएका थिए । त्यसपछि खेलको ६७औँ मिनेटमा स्विटजरल्यान्डका डान एनडोयेले गोल गर्दै खेललाई एक एक गोलको बराबरीमा ल्याएका थिए । खेलको ७२औँ मिनेटदेखि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित भयो । ब्रेल एम्बोलोले दोहोरो पहेँलो कार्ड पाएर बाहिरिएपछि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित बनेको हो ।
खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीको समान गोल भएपछि खेल अतिरिक्त समयमा धकेलियो । खेलको ११२औँ मिनेटमा अल्भारेलले गोल गर्दै अर्जेन्टिनाको अग्रता कायम गरे । त्यसपछिको अतिरिक्त समयमा मार्टिनेजले गोल गर्दै अर्जेन्टिनालाई विजयी बनाए । अब अर्जेन्टिना फाइनल प्रवेशका लागि इङ्ल्यान्डसँग खेल्नेछ । रासस

# रामधुनीमा वार्षिक ३५ हजार बिरुवा उत्पादन

**सुनसरी ।**
सुनसरीको रामधुनी सबडिभिजन वन कार्यालयले प्रत्येक वर्ष विभिन्न प्रजातिका करिब ३५ हजार बढी वनजन्य, नगदे तथा बहुवर्षीय बिरुवा उत्पादन गरी निःशुल्क वितरण गर्दै आएको छ । विसं २०७९ देखि सञ्चालनमा ल्याइएको नर्सरीमा उत्पादन गरिएका बिरुवाको माग बर्सेनि बढ्दै गएको कार्यालयले जनाएको छ । सबडिभिजन वन कार्यालय रामधुनीका वन सहायक काजी आचार्यका अनुसार नर्सरीमा खयर, ज्याकाराण्डा, बेल, सिसौ, अमला, अर्जुन, कागती, तेजपत्ता र अम्बकलगायत विभिन्न प्रजातिका बिरुवा उपलब्ध छन् । केही बिरुवा यस वर्ष उत्पादन गरिएका हुन् भने केही बहुवर्षीय बिरुवा अघिल्ला वर्षदेखि संरक्षण गर्दै आइएको उनले बताए ।
रामधुनी मन्दिर नजिकै कार्यालय रहेकाले दर्शनका लागि आउने भक्तजनले समेत यहाँबाट बिरुवा लैजाने गरेका छन् । भारतबाट



आउने धार्मिक पर्यटकले पनि बिरुवा लैजाने गरेकाले रामधुनीमा उत्पादन भएका बिरुवा देशका विभिन्न जिल्ला तथा सीमापारसम्म पुग्ने गरेको वन सहायक आचार्यले जानकारी दिए ।
उनका अनुसार असार, साउन र भदौ महिनामा बिरुवाको माग बढी हुने गरेको छ । उत्पादित बिरुवा सर्वसाधारण, सामुदायिक वन तथा विभिन्न संस्थालाई आवश्यकताअनुसार वितरण गरिन्छ । वन क्षेत्रमा रोप्न उपयुक्त प्रजातिका बिरुवामात्र उत्पादन गर्ने अनुमति भएकाले कृषि प्रयोजनका बिरुवा उत्पादन नगरिएको उनले बताए ।
दुई–चारवटासम्म बिरुवा लैजान कुनै कागजात आवश्यक नपर्ने, संस्थागत रूपमा बिरुवा लिन चाहनेले भने सम्बन्धित वडाको सिफारिस अनिवार्य हुने तथा ५० वटाभन्दा बढी बिरुवा माग गर्नेले निवेदन, नागरिकताको प्रतिलिपि र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि पेस गर्नुपर्ने व्यवस्था रहेको वन सहायक आचार्यले जानकारी दिए । उनले भने, 'नर्सरीको काम फागुनबाट सुरु गरिन्छ फागुनमा बीउ राखेपछि असारदेखि बिरुवा वितरण सुरु हुन्छ ।'
नर्सरी व्यवस्थापनका लागि छुट्टै कर्मचारी खटाइएको छ । बिरुवाको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिइएको छ । उनले भने, 'बिरुवा नष्ट भए सम्बन्धित कर्मचारीले आर्थिक उत्तरदायित्वसमेत व्यहोर्नुपर्ने व्यवस्था रहेकाले नर्सरी व्यवस्थापनलाई संवेदनशील रूपमा लिइएको छ ।'
बिरुवा उत्पादन र वितरणसँगै कार्यालयले सामुदायिक वनलाई प्राविधिक सहयोग, छपान तथा कटान कार्यमा सहजीकरण गर्दै आएको छ । राष्ट्रिय वन क्षेत्रमा नियमित गस्ती तथा वन उपभोक्ता समूहका गतिविधिमा सहभागिता जनाउँदै आएको छ । केही दिनअघि सिंहवाहिनी सामुदायिक वनमा वृक्षरोपण कार्यक्रमसमेत सम्पन्न गरिएको वन सहायक आचार्यले जानकारी दिए । रासस

# अमेरिका–इरान तनाव चर्कियो, दुवै पक्षबाट आक्रमण जारी



**काठमाडौँ ।**
अमेरिकी सेन्ट्रल कमाण्डले आइतबार इरानविरुद्धको सैन्य अभियानको तेस्रो चरण सम्पन्न भएको जनाएको छ । कमाण्डका अनुसार यस चरणमा करिब १४० वटा लक्ष्यमा आक्रमण गरिएको छ । सामाजिक सञ्जाल 'एक्स' मार्फत सेन्ट्रल कमाण्डले जनाएअनुसार आक्रमणका क्रममा क्षेप्यास्त्र तथा ड्रोन प्रक्षेपणस्थल, गोलाबारुद भण्डारण केन्द्र, सञ्चार उपकरण तथा अन्य सैन्य पूर्वाधारलाई निशाना बनाइएको थियो ।
यसअघि जारी अर्को विज्ञप्तिमा कमाण्डले व्यावसायिक जहाजमाथि भएका आक्रमणपछि इरानलाई समझदारीपत्र पालना गर्ने अवसर दिइएको भए पनि त्यसमा असफल भएको दाबी गरेको थियो । यसैबीच, युनाइटेड किङ्डम मेरिटाइम ट्रेड अपरेसन्सले शनिबार अबेर ओमानको तट नजिक भएको एक घटनामा क्षति पुगेपछि एउटा कन्टेनर जहाजमा आगलागी भएको जनाएको छ ।
इरानको सरकारी सञ्चारमाध्यम 'प्रेस टिभी' का अनुसार दक्षिणी इरानका विभिन्न सहरमा विस्फोट भएका छन् । साथै, इरानले मध्यपूर्वमा रहेका अमेरिकी लक्ष्यविरुद्ध शृङ्खलाबद्ध जवाफी आक्रमण सुरु गरेको जनाएको छ । समाचारमा संयुक्त अरब इमिरेट्स र कतारमा आक्रमण भएको तथा बहराइनमा क्षेप्यास्त्र चेतावनी साइरन बजाइएको उल्लेख गरिएको छ । कतारको गृह मन्त्रालयले केही घण्टाभित्र दोस्रो पटक राष्ट्रिय सुरक्षा सतर्कताको स्तर बढाउँदै सार्वजनिक चेतावनी जारी गरेको थियो ।
मन्त्रालयले नागरिकलाई घरभित्रै बस्न, सिसाका झ्यालबाट टाढा रहन, अनावश्यक आवतजावत नगर्न तथा सुरक्षा निकायका निर्देशन पालना गर्न आग्रह गरेको छ । इरानको इस्लामिक रिभोलुसन गार्ड कोप्रसले जोर्डनस्थित प्रिन्स हसन एयर बेसको ङ्कमाण्ड तथा नियन्त्रण केन्द्र र ड्रोन ह्याङ्गरमा आक्रमण गरी ध्वस्त पारेको दाबी गरेको छ ।
यसअघि इरानले अनधिकृत मार्ग प्रयोग गरिरहेको एक जहाजमाथि कारबाही गरिएको जनाउँदै त्यसपछि होर्मुज जलसन्धि बन्द गरिएको घोषणा गरेको थियो । साथै, उक्त घटनाको प्रतिशोध लिन गरिने कुनै पनि प्रयासको कडा जवाफ दिइने चेतावनी पनि दिएको थियो ।
आईआरजीसीको नौसेनाले जारी गरेको विज्ञप्तिमा समुद्री सुरक्षालाई जोखिममा पार्ने गरी आफ्नो पहिचान प्रणाली बन्द गरेको जहाजलाई लक्षित गरी कारबाही गरिएको उल्लेख गरिएको छ । विज्ञप्तिअनुसार, होर्मुज जलसन्धि अर्को सूचना जारी नभएसम्म तथा त्यस क्षेत्रमा अमेरिकी सैन्य हस्तक्षेप अन्त्य नभएसम्म बन्द रहनेछ । रासस

# वैदेशिक रोजगारीबाट फर्किएका आचार्य व्यावसायिक सागसब्जी खेतीमा रमाउँदै



**सुनसरी ।**
जिल्ला सदरमुकाम इनरुवा–८ का गणेश आचार्य वैदेशिक रोजगारीबाट फर्किएपछि व्यावसायिक सागसब्जी खेतीमार्फत सफल उद्यमीका रूपमा स्थापित भएका छन् । मलेसियामा र माल्दिभ्समा आठ वर्ष बिताएका उनले आफ्नै तथा भाडामा लिएको १२ कठ्ठा जग्गामा मौसमी र बेमौसमी सागसब्जी खेतीबाट मनग्गे आम्दानी गर्दै आएका छन् ।
केही वर्षअघिका धान खेतमा उनले काँक्रा, बोडी, करेला, खुर्सानी, भण्टा फलाएका छन् । यसबाट वार्षिक १० देखि १२ लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ । उनका अनुसार बिउ, मल, जनश्रम तथा अन्य उत्पादन खर्च कटाउँदा कुल आम्दानीको करिब ५० प्रतिशत बचत हुने गरेको छ । उनलाई व्यावसायिक बनाउन कृषि ज्ञान केन्द्रले प्राविधिक सहयोग गर्दै आएको छ ।
ज्ञान केन्द्रबाट भिन्डी र बैगुन खेतीका लागि आवश्यक बिउ, मल, मल्चिङ प्लास्टिक तथा विषादी छर्कने ट्याङ्की लगायतका सामग्री अनुदानमा प्राप्त भएको उनले जानकारी दिए । रोजगारीका लागि युवा पुस्ता विदेशिने क्रम बढेकामा चिन्ता व्यक्त गर्दै उनी उपयुक्त जमिन र बजार व्यवस्थापन हुन सके कृषि क्षेत्रबाट पर्याप्त आम्दानी गर्न सकिने बताउँछन् । खेतबारीमा काम गर्ने मानिस नपाउँदा उनी खिन्न छन् । सागसब्जीको उचित मूल्य नपाएको उनको गुनासो छ ।
कृषि ज्ञान केन्द्रका प्रमुख नीलकमल सिंहका अनुसार सुनसरीमा व्यावसायिक तथा मौसमी रूपमा करिब सात हजार पाँच ५०० हेक्टरमा सागसब्जी खेती हुँदै आएको छ । रासस

# अटो उद्योग संकटले जर्मनीका युवा इन्जिनियरको रोजगारी प्रभावित

**फ्रान्कफ ।**
एक वर्षदेखि रोजगारीको खोजीमा रहेका जर्मन सफ्टवेयर इन्जिनियर म्याक्स पेलले ठूला अटोमोटिभ आपूर्तिकर्ता कम्पनीमा काम गरेको अनुभवसहित करिब ५० वटा आवेदन पठाइसकेका छन्, तर अझै स्थायी जागिर पाउन सकेका छैनन् । स्वायत्त तथा बौद्धिक ड्राइभिङ प्रणालीका लागि महत्वपूर्ण मानिने 'कम्प्युटर भिजन' प्रविधिमा दक्ष पेलले कुनै समय जर्मनीका ठूला औद्योगिक कम्पनीमा सहजै अवसर पाउने अपेक्षा गरे । तर, युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रमा देखिएको सुस्त वृद्धि र चीनबाट बढ्दो प्रतिस्पर्धाले युवा इन्जिनियरलाई प्रभावित बनाएको छ ।
'धेरैजसो अवस्थामा आवेदन सीधै अस्वीकार हुन्छ,' ३० वर्षीय पेलले फ्रान्कफर्टमा एएफपीसँग भने, 'मैले अहिलेसम्म एउटा मात्र अन्तर्वार्ता दिएको छु । मेरा साथीको अवस्था पनि यस्तै छ एकजनाले त ६० भन्दाबढी आवेदन पठाइसकेका छन् ।'

**'स्वर्ण युग' समाप्त**
अत्याधुनिक प्रविधि र नवीन डिजाइनका लागि विश्वभर परिचित जर्मनीको कार उद्योग, जुन ठूलो मात्रामा निर्यातमा निर्भर छ, पछिल्ला वर्षमा कठिन अवस्थाबाट गुज्रिरहेको छ ।
चिनियाँ कार निर्माता कम्पनी बीवाइडी र एक्सपेङले विश्वको सबैभन्दा ठूलो अटो बजारमा जर्मन सवारीसाधन उत्पादकको हिस्सा घटाउँदै लगेपछि जर्मन कम्पनीले स्वदेश मै कठिन पुनःसंरचना गर्नुपर्ने अवस्था आएको छ ।
कोलोनस्थित आइडब्ल्यू आर्थिक संस्थानका यातायात अर्थशास्त्री थोमस पल्सका अनुसार, जर्मनीमा सवारीसाधन उत्पादन पछिल्ला वर्षमा उल्लेखनीय रूपमा घटेको छ । 'दश वर्षअघि हामी वार्षिक करिब ६० लाख सवारीसाधन उत्पादन गर्थौं अहिले यो सङ्ख्या ४० देखि ४२ लाखको आसपास स्थिर छ,' उनले भने, 'अन्य युरोपेली देशको तुलनामा अवस्था राम्रो भए पनि पुरानो 'स्वर्ण युग' अब फर्किने छैन ।'
यसैको संकेतस्वरूप जर्मनीभर फक्सवागनका कारखानाका कामदारले हालै विरोध प्रदर्शन गरेका छन् । कम्पनीले एक लाखसम्म रोजगारी कटौती गर्ने योजना बनाइरहेको समाचार सार्वजनिक भएपछि विरोध भएको हो ।
संघीय रोजगार एजेन्सी (एफइए)का अनुसार सन् २०२५ सम्मको पाँच वर्षमा जर्मनीको समग्र रोजगारी केही बढे पनि अटोमोटिभ क्षेत्रमा भने रोजगारी आठ प्रतिशतले घटेको छ ।
जर्मन उद्योग समग्र रूपमा चीनबाट आएको प्रतिस्पर्धाको दोस्रो चरणको दबाब सामना गरिरहेको छ । कम लागतका उत्पादनबाट टाढा सर्दै उच्च प्रविधियुक्त वस्तु उत्पादनमा केन्द्रित जर्मन कम्पनी पहिलेको बलियो निर्यात बजार गुमाउँदै गएका छन् ।
जर्मनीको कुल निर्यात गत वर्ष एक दशमलव ५६ ट्रिलियन युरो पुगेको थियो, जुन सन् २०२२ को उच्च बिन्दुको तुलनामा करिब दुई प्रतिशत कम हो । सोही अवधिमा चीनतर्फको निर्यात भने करिब एक चौथाइ घटेर ८१ दशमलव तीन अर्ब युरोमा सीमित भएको तथ्यांक कार्यालय डेस्टाटिसले जनाएको छ ।
युवा इन्जिनियरमा बढ्दो चुनौती टायर निर्माता तथा औद्योगिक आपूर्तिकर्ता कन्टिनेन्टलको अटोमोटिभ व्यवसायमा तालिम पूरा गर्नुभएका पेलले कम्पनीमा भइरहेको पुनःसंरचनाले आफ्नो रोजगारी सम्भावनामा असर पारेको बताए । 'मैले काम सुरु गर्दा नै कम्पनीका विभिन्न भाग पुनःसंरचना भइरहेको देखिन्थ्यो,' उनले भने, 'अनुभवी सहकर्मीहरू बाहिरिँदै गरेको देख्दा त्यहाँ नयाँ व्यक्तिलाई अवसर पाउने सम्भावना कम हुने महसुस हुन्थ्यो ।'
जर्मनीको प्रतिष्ठित आरडब्ल्यूटीएच आचेन विश्वविद्यालयकी करियर सेवा प्रमुख आन्जा रोबर्टका अनुसार, उत्कृष्ट विद्यार्थीले अहिले जागिर पाउन लामो समय कुर्नुपर्ने अवस्था आएको छ । 'विद्यार्थीहरू हामीकहाँ आएर भन्छन्, मैले ३० वटा आवेदन दिएँ, तर कुनै प्रतिक्रिया पाइनँ । आखिर समस्या के हो' उनले भने, 'अब बीएमडब्ल्यूजस्ता कम्पनीमा आवेदन दिँदैमा जागिर सुनिश्चित हुँदैन ।'
एफइएका अनुसार, गत वर्ष योग्य इन्जिनियरको बेरोजगारी दर तीन दशमलव आठ प्रतिशत पुगेको थियो, जुन सन् २०२२को तुलनामा करिब ५० प्रतिशतले बढी हो ।
यद्यपि केही इन्जिनियरले अवसर पाउन सफल भएका छन् । इलेक्ट्रिकल इन्जिनियर लुका लिन्सेनले महिनौँको खोजीपछि यसै महिना ह्याम्बर्गमा सफ्टवेयर परामर्शदाताका रूपमा काम सुरु गरेका छन् । 'इन्जिनियरिङ अध्ययन गर्दा हामीलाई डिग्री पूरा हुनुअघि नै जागिर सुनिश्चित हुन्छ भन्ने विश्वास दिलाइएको थियो,' उनले भने, 'यदि तपाइँ इन्जिनियरिङ पढ्न चाहनुहुन्छ भने, प्रविधिप्रतिको रुचि र लगावका कारण पढ्नुहोस् । केवल राम्रो आम्दानी वा जागिरको सुनिश्चितताका लागि मात्र यो क्षेत्र रोज्नु उचित हुँदैन ।' रासस

# कतारका पूर्वअमिर शेख हमदको निधन

**दोहा ।**
कतार सरकारले आइतबार पूर्वनेता शेख हमद बिन खलिफा अल थानीको निधन भएको घोषणा गरेको छ । उनले सन् १९९५ देखि २०१३ सम्म कतारको नेतृत्व गरेको थियो । अमिरको कार्यालयले सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा शेख हमदको निधनप्रति दुःख व्यक्त गर्दै उनीप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । शेख हमदलाई आधुनिक कतार निर्माणका प्रमुख योजनाकारमध्ये एकका रूपमा हेरिन्छ । उनको नेतृत्वकालमा कतारले तीव्र आर्थिक विकास हासिल गर्दै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो प्रभाव विस्तार गरेको थियो ।
शेख हमदले सन् १९९५ को जुनमा विदेश भ्रमणमा रहेका आफ्ना बुबा शेख खलिफा बिन हमद अल थानीलाई रक्तहीन सत्ता परिवर्तनमार्फत विस्थापित गर्दै नेतृत्व सम्हाल्हेको थियो । त्यतिबेला सीमित आर्थिक स्रोत भएको सानो खाडी राष्ट्रलाई उनले ऊर्जा, सञ्चार र कूटनीतिक क्षेत्रमा विस्तार गर्दै विश्वस्तरमा प्रभावशाली मुलुकका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको थियो । उनकै शासनकालमा सन् १९९६ मा अन्तरराष्ट्रिय समाचार संस्थाअल जजिरा मिडिया नेटवर्कको स्थापना भएको थियो ।
सन् २०१३ को जुनमा शेख हमदले आफ्ना छोरा शेख तमिम बिन हमद अल थानीलाई सत्ता हस्तान्तरण गर्दै स्वेच्छिक रूपमा गद्दी त्याग गरेको थियो । यो अरब विश्वको आधुनिक इतिहासमा दुर्लभ घटनाका रूपमा हेरिएको थियो । करिब ३० लाख जनसंख्या रहेको कतार खाडी क्षेत्रको सानो राष्ट्रमध्ये एक हो । यहाँको अर्थतन्त्र मुख्य रूपमा प्राकृतिक ग्यास र तेल क्षेत्रमा आधारित छ भने जनसंख्याको ठूलो हिस्सा विदेशी कामदारले ओगटेका छन् । कतार सन् १९७१ सम्म बेलायतको संरक्षित राज्यका रूपमा रहेको थियो । १९औँ शताब्दीको मध्यदेखि नै अल थानी परिवारले यहाँको शासन गर्दै आएको छ । रासस



**कजारिया टप मोडल राउण्डमा मिस नेपालका प्रतिस्पर्धीहरूः** *द हिडन ट्रेजरद्वारा ललितपुरमा शनिबार साँझ आयोजना गरेको कजारिया टप मोडल राउण्डमा मिस नेपाल २०२६ का प्रतिस्पर्धीहरूले भियतनामका अन्तर्राष्ट्रिय फेसन डिजाइनर नमोट (हुयन्ह बाओ टोम) द्वारा डिजाइन गरिएका आकर्षक गाउनमा आत्मविश्वासपूर्ण र्याम्प वाक प्रस्तुत गर्दै। ग्ल्यामर, सौन्दर्य र अन्तर्राष्ट्रिय फेसनको उत्कृष्ट सङ्गम बनेको यस प्रस्तुतिले दर्शकको मन जित्न सफल भएको थियो । तस्बिरः रासस*

# वनफूलले सिँगारिएको ढोरपाटन

**बागलुङ ।**
समथर मैदानमा फूलेका थरिथरिका फूल । कतै राता, कतै पहेँला, गुलाबी त कतै बैजनी रङका फूलले यतिबेला यो ढोरपाटन उपत्यका चिटिक्क सिँगारिएको छ । चारैतिर अग्ला पहाडले घेरिएको उपत्यका बर्खायाममा निकै मनमोहक देखिन्छ । फूलैफूलले ढाकिएको ढोरपाटनसँग साइनो गाँस्न दिनहुँ आन्तरिक पर्यटक ढोरपाटन आउने गरेका छन् ।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र पर्ने ढोरपाटनमा पछिल्लो तीन वर्षयता वनफूलले पर्यटकलाई थप आकर्षित गर्न थालेको छ । विसं २०७५ सम्म ढोरपाटनमा पर्यटकको आगमन न्यून थियो । घुम्न आउनेभन्दा पनि ढोर बराह मन्दिरमा पूजा गर्न आउने दर्शनार्थीबाहेक अन्य पर्यटकको खासै उपस्थिति थिएन । जब सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार हुन थाल्यो, तब ढोरपाटनमा पर्यटकको घुइँचो नै लाग्न थाल्यो ।

बर्खा लागेसँगै देशका धेरै पर्यटकीय क्षेत्र सुनसान बन्दैछन्, तर ढोरपाटनमा भने पर्यटकको भीडभाड बढ्न थालेको छ । बर्खाको समयमा ढोरपाटन अरु बेलाभन्दा बढी रमणीय देखिने हुँदा यो सिजनमा पर्यटक बढी आउने गरेका हुन् । दैनिक २०० बढी पर्यटक ढोरपाटन आउने गरेको होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिए । ढोरपाटनमा पर्यटकको चाप बढेपछि होटल व्यवसाय पनि फस्टाउन थालेको उनको भनाइ छ ।

अध्यक्ष पुनले भने, 'पहिला पनि ढोरपाटन उपत्यकामा अत्यधिक मात्रामा फूलहरू फूल्थे तर प्रचारप्रसार नहुँदा पर्यटक आउन सकेका थिएनन्, अहिले मिडिया र सामाजिक सञ्जालमा फोटो भिडियो आउँदा पर्यटकको आकर्षण बढेको छ, एक दशक अगाडि त ढोरपाटनमा पर्यटक खासै आउँदैनथे, यहाँका स्थानीय पनि घुम्ती बसाइमात्रै बस्ने गर्थे ।'

स्थानीयले राके फूलका रूपमा चिन्ने वनफूललाई ढोरपाटन सिकार आरक्षले नाकेफुली, बुकीफूल, मदानेफूललगायतको नाम दिएको छ । देशका ठूला सहर काठमाडौँ, नेपालगन्ज, पोखरा, भैरहवा, चितवनबाट बढी पर्यटक रमाउन आउने गरेका छन् । वनफूल पाटनैभरि फुल्छ । फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी खुलेमा चर्ने गर्छन् । वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ ।

चितवनको माडीका महेश थापाले सामाजिक सञ्जालमा भाइरल भएका तस्बिर र भिडियो देखेर ढोरपाटन घुम्न आएको बताए । गत वर्षदेखि नै ढोरपाटन घुम्न आउने योजना बनाएको भन्दै यसपालि १३ जनाको समूह वनफूल हेर्न आएको उनले सुनाए । चारैतिर फुलेका वनफूल र यहाँको वातावरण निकै मनोरम लागेको थापाको भनाइ छ ।

दाङको तुल्सीपुरबाट आउनुभएका कुलेन्द्र पनेरुले ढोरपाटन आउँदा मन फुरुङ्ग भएको बताए । दाङमा यतिबेला निकै गर्मी रहेको भन्दै ढोरपाटनमा भने निकै चिसो मौसम रहेको सुनाए । यहाँको प्राकृतिक सुन्दरता र हावापानीका बारेमा प्रचार गर्न सके विदेशी पर्यटकलाई सहज रूपमा ल्याउन सकिने उनको भनाइ छ । ढोरपाटनसम्म आउने सडकको केही स्थानमा अप्ठ्यारो हुँदा सास्ती खेप्नुपरेको पनेरुले दुःखेसो पोखे ।

बुर्तिबाङदेखि ढोरपाटनसम्म करिब ३२ किलोमिटर कच्ची सडकयात्रा गर्नुपर्छ । अहिले बुर्तिबाङ बजारदेखि फल्लेघरसम्मको सडक ग्राभेल भए पनि त्यसभन्दा माथिको खण्डको दुरावस्था छ । जसका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ ।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले फल्लेघरभन्दा माथिको अप्ठ्यारो सडकलाई व्यवस्थित गर्ने बताए । अहिले कालोपत्र गर्नका लागि सडक फराकिलो बनाउने काम भइरहेको हुँदा केही स्थानमा हिलाम्मे बनेको भन्दै पर्यटकको यात्रालाई सहज बनाउन गेग्रेटा हालेर व्यवस्थित बनाउने उनको भनाइ छ । ढोरपाटनमा आउने सङ्ख्या बढेपछि आफूहरू उत्साहित भएको कायत बताउँछन् ।रासस

# भानु साहित्य उद्यानलाई २४ करोड



**तनहुँ ।**
नेपाली भाषाका अनुवादक आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदी रम्घालाई अन्तरराष्ट्रिय प्राज्ञिक तथा साहित्यिक केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले अघि बढाइएको राष्ट्रिय गौरवको आयोजना 'भानु साहित्य उद्यान'को पूर्वाधार निर्माणकार्य अगाडि बढेको छ ।

सरकारको प्राथमिकतामा रहेको यस बहुप्रतिक्षित आयोजनाअन्तर्गत भानु नगरपालिका–४ रम्घा डाँडाको करिब ५०० रोपनी क्षेत्रफलमा उद्यान निर्माण थालिएको छ । पहिलो चरणमा विनियोजित बजेटबाट निर्माण प्रक्रिया अघि बढाइएको छ । उद्यानभित्र अत्याधुनिक 'भानु भवन', आदिकविको पूर्णकदको सालिक, सप्तधाम, साहित्य ग्राम, प्रज्ञा भवन तथा प्रविधिमैत्री टिकट काउन्टरलगायत बहुआयामिक पूर्वाधार निर्माण गरिने गुरुयोजनाअनुसार निर्माणकार्य भइरहेको छ ।

निर्माणकार्यलाई व्यवस्थित, वातावरणमैत्री र द्रुत रूपमा अघि बढाउन सहरी विकास तथा भवन निर्माण विभागले प्रारम्भिक वातावरणीय अध्ययन (आइइई) प्रतिवेदन तयार गर्ने काम अन्तिम चरणमा पुर्याएको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिए ।

'यो उद्यान भौतिक संरचनामा मात्र सीमित नरही विश्वभरका नेपाली भाषा–साहित्यका अनुसन्धानकर्ता र अनुरागीका लागि सांस्कृतिक तथा प्राज्ञिक केन्द्र बन्नेछ,' उनले भने, 'आदिकविको जन्मभूमिलाई विश्वमाझ चिनाउने यो हाम्रो गौरवको परियोजना हो । यसले नेपाली भाषा र साहित्यलाई विश्वव्यापी रूपमा जोड्ने साझा प्राज्ञिक केन्द्रको रूप रहनेछ । त्यसका लागि नगरपालिकाले आवश्यक समन्वय र नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ ।'

भानु नगरपालिकाका उपप्रमुख उमा गोतामेले आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारले रु २४ करोड बजेट विनियोजन गरेको जानकारी दिइन् । 'सहरी विकास तथा भवन निर्माण विभागमार्फत राष्ट्रिय गौरवको यस आयोजनाका लागि आगामी आवमा रु २४ करोड विनियोजन गरिएको छ,' उनले भनिन्, 'यस बजेटबाट बहुवर्षीय योजनाअनुसार पूर्वाधार निर्माण अघि बढाइनेछ ।'

गुरुयोजनाअनुसार उद्यानभित्र सातै प्रदेशका प्रमुख धार्मिक तथा सांस्कृतिक सम्पदाका नमूना र नेपाली साहित्यका मुर्धन्य स्रष्टाका सालिकसमेत स्थापना गरिनेछ । आयोजना सम्पन्न भएपछि तनहुँको चुँदी रम्घा विश्वभरका नेपाली साहित्यप्रेमी र अनुसन्धानकर्ताको प्रमुख गन्तव्य बन्ने अपेक्षा गरिएको छ ।

भानु साहित्य उद्यान निर्माणको अवधारणा राष्ट्रपति रामचन्द्र पौडेलको विशेष पहल र परिकल्पनाअनुसार अघि बढाइएको हो । उनकै पहलमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा समावेश गरिएको यस उद्यानको गत वैशाख १४ गते राष्ट्रपति पौडेलबाट शिलान्यास गरिएको थियो ।रासस

# वन संरक्षणसँगै आयआर्जनमा सघाउँदै मध्यवर्ती सामुदायिक वन

**कञ्चनपुर।**
शुक्लाफाँटा नगरपालिका–७ स्थित वातावरण मध्यवर्ती सामुदायिक वनले वन संरक्षणसँगै आयमूलक कार्यक्रमलाई प्राथमिकता दिँदै उपभोक्ताको आर्थिक अवस्था सुधार गर्न विभिन्न व्यावसायिक कार्यक्रम सञ्चालन गरेको छ।

वन व्यवस्थापनले बाँस, फलफूल, बेसार खेती तथा लघुउद्यममार्फत वनले आम्दानी बढाउँदै स्थानीयलाई रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्दै आएको छ।

करिब एक सय हेक्टर क्षेत्रफलमा दशकअघि रोपिएका पाँच हजारभन्दा बढी बाँसका बिरुवाको संरक्षण र व्यवस्थापन गर्दै आएको छ। हाल वनमा काँडे, पेले, लाठी, मलवास, निगाले, देहरादुन, लहरे र बुमलगायत विभिन्न प्रजातिका बाँस उत्पादन भइरहेका छन्।

सामुदायिक वनका कार्यालय सचिव अम्भुसिंह धामीका अनुसार पछिल्लो तीन आर्थिक वर्षमा बाँस बिक्रीबाट मात्रै चार लाख ९२ हजार ९ सय ५ रुपैयाँ आम्दानी भएको छ। आर्थिक वर्ष २०८०÷८१ मा एक लाख ९२ हजार १ सय ५ रुपैयाँ, २०८१÷८२ मा एक लाख ३० हजार ९ सय ५० रुपैयाँ र २०८२÷८३ मा एक लाख ६९ हजार ८ सय ५० रुपैयाँ आम्दानी भएको उनले जानकारी दिए।

स्थानीय किसानले व्यावसायिक तरकारी खेती, डोको–डालो बुन्न, घर निर्माणमा सटरिङ गर्न, कुखुरापालनका लागि टहरा बनाउन तथा भूक्षय नियन्त्रणका लागि जैविक तटबन्ध निर्माणमा बाँस प्रयोग गर्दै आएका छन्। प्रजातिअनुसार प्रतिगोटा बाँस २ सयदेखि ५ सय रुपैयाँसम्ममा बिक्री हुने गरेको छ।

सामुदायिक वनले बाँससँगै फलफूल खेतीलाई पनि विस्तार गरेको छ। वन क्षेत्रमा चार हजार बियाँरहित कागती, पाकिस्तानी सुन्तलाका ५० बिरुवा तथा लिची, बम्बई, दहे, बाह्रमासे र आम्रपाली जातका करिब ५ सय आँपका बिरुवा रोपिएका छन् । दशकअघि लगाइएका ती बिरुवाले अहिले उत्पादन दिन थालेका छन्। फलफूल बगैँचा पाँच वर्षका लागि रु चार लाखमा ठेक्कामा दिइएको छ।

सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीका अनुसार उपभोक्ताको आयआर्जन बढाउन दुना–टपरी तथा बाँस–बेत उद्योग सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ।

आवश्यक मेसिन खरिद गरिसकिएको र उद्योग सञ्चालनअघि उपभोक्तालाई सीपमूलक प्रशिक्षण दिइएको उनले बताए।

सामुदायिक वनले चार हेक्टर क्षेत्रफलमा बेसार खेती गर्दै आएको छ। यहाँबाट वार्षिक ४० देखि ५० क्विन्टलसम्म बेसार उत्पादन हुने गरेको छ । उत्पादन भएको बेसारलाई गुणस्तरीय रूपमा सुकाउन नगरपालिका र दातृ निकायको सहयोगमा सौर्य ड्रायर (सोलार ड्रायर) जडान गरिएको अध्यक्ष जोशीले जानकारी दिए।

वनले मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्न कैलालीस्थित वनस्पति अनुसन्धान केन्द्रबाट दुई हजार चिउरीका बिरुवा ल्याएर रोप्ने तयारी गरेको छ। साथै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि वनभित्र पिकनिकस्थल निर्माण तथा धार्मिक एवं पर्यटकीय महत्व बोकेको सुनदेवी तालसम्म पदमार्ग निर्माण गर्ने योजना अघि बढाइएको उनले बताए।

सामुदायिक वनले संरक्षणसँगै सामुदायिक विकास, संरक्षण शिक्षा, विपन्न वर्ग लक्षित आयमूलक तथा सीपमूलक कार्यक्रम, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा पूर्वाधार विकासमा खर्च गर्दै आएको छ।

स्थानीय उपभोक्ता रमेश नेपालीका अनुसार वनले वन्यजन्तु बस्तीमा प्रवेश रोक्न मेसवायर जडान, टर्चलाइट वितरण, विद्यालयमा कम्प्युटर सहयोग, पुल–पुलेसा निर्माण, सडकमा ग्राभेलिङलगायत काम गर्दै आएको छ । विपन्न परिवारलाई आयआर्जनमूलक तथा सीप विकास कार्यक्रममार्फत आत्मनिर्भर बनाउन सामुदायिक वनले उल्लेखनीय योगदान पुर्‍याएको उनले बताए।

सामुदायिक वनले आर्थिक वर्ष २०८२÷८३ मा फलफूल, बाँस, काठ–दाउरा बिक्री तथा दण्ड–जरिवानाबाट रु ७४ लाखभन्दा बढी आम्दानी गरेको जनाएको छ।

एक हजार ११ दशमलव ५३ हेक्टर क्षेत्रफलमा फैलिएको वातावरण मध्यवर्ती सामुदायिक वनले वन संरक्षणसँगै स्थानीय समुदायको आयआर्जनमा सघाउँदै आएको छ। रासस

# ओझेलमा 'राजाकोट'

**दाङ ।**
दङ्गीशरण गाउँपालिका–२ स्थित राजाकोट ऐतिहासिक ठाउँ भए पनि ओझेलमा परेको छ । यो ठाउँ पर्यटकीय हिसाबले पनि सम्भावना बोकेको ठाउँ हो । त्यहाँबाट जिल्लाका सबै भूभाग देखिन्छन् भने सिस्ने हिमाल, पुथा हिमाल, माछापुच्छ्रेसहितका विभिन्न हिमालशृङ्खला देखिने भएकाले पनि पर्यटकीय सम्भावना बोकेको छ ।

स्थानीय मदन घर्तीका अनुसार त्यहाँबाट बबई नदी, राप्ती नदी, बाँकेका विभिन्न भूभागको अवलोकनसमेत गर्न सकिन्छ । त्यस्तै, विभिन्न वनजङ्गलको अवलोकन गर्न पनि सकिने भएकाले त्यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न थालिएको छ । 'यस क्षेत्रबाट जिल्लाको भूभागसँगै विभिन्न हिमाल देखिन्छन् भने तराईका सबै फाँटहरू देखिन्छन्,' उनले भने, 'त्यसैले पनि यसलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।'

त्यहाँ दङ्गीशरण राजाले औलो लाग्दा बस्ने गरेको ठाउँका रूपमा समेत रहेको स्थानीय चक्रमिलन विश्वकर्माले बताए । उनका अनुसार सोही ठाउँमा पुरानो टेलिकमको टावर पनि छ । जुन पश्चिम नेपालमै चर्चित टावर थियो । गोल्टाकुरीबाट पाँच किलोमिटर पैदल हिँडेपछि राजाकोट पुग्न सकिन्छ । नजिकै कुनै बेला हाटबजार जाँदा रुकुम, सल्यान, रोल्पाका नागरिकले प्रयोग गर्ने तिलकन्या नाका पनि भएकाले पनि यो क्षेत्र पर्यटकीय हिसाबले उत्तम रहेको छ । जहाँ दङ्गीशरण गाउँपालिका–२ स्थित गोल्टाकुरीबाट पैदल पाँच किलोमिटर उकालो हिँडेपछि पुग्न सकिन्छ ।

त्यसलाई पर्यटकीय क्षेत्रका विकास गर्न सकेमा युवाहरू पनि स्वरोजगार हुने देखिन्छ । यहाँ पैदल हिँडेर पुग्न सकिन्छ । अहिले सडक पुगेको छैन । दुई घण्टा पैदल हिँडेमा सो ठाउँ पुग्न सकिन्छ । यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सबै क्षेत्रको सहयोग आवश्यक पर्ने दङ्गीशरण गाउँपालिकाका प्रवक्ता रमेश भण्डारीले बताए । उनका अनुसार पालिकाले पनि यसलाई पर्यटकीय विकासका लागि पहल थालेको छ । रासस

# राजधानीको प्यास मेटाउने सुन्दरीजलमा खानेपानी नै अभाव

**पूर्णप्रसाद मिश्र/रासस**
काठमाडौँ उपत्यकाको प्रमुख खानेपानी आपूर्ति केन्द्र सुन्दरीजलका स्थानीय वर्षौंदेखि नियमित खानेपानी नपाउँदा नराम्ररी पिरोलिएका छन् ।

राजधानीमा वितरण गरिने मेलम्चीको पानी सुन्दरीजलमा प्रशोधन हुने भए पनि गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिकाका धेरै बस्तीमा नियमित रूपमा खानेपानी आपूर्ति नहुँदा त्यहाँका स्थानीय ढुङ्गेधारा, कुवा र सार्वजनिक धारामा निर्भर छन् । मुहान क्षेत्रका बासिन्दाले नै खानेपानी नपाएको विषयमा स्थानीय तथा सङ्घीय जनप्रतिनिधिले वर्षौंदेखि सरकारको ध्यानाकर्षण गराउँदै आए पनि समस्या समाधान भएको छैन ।

संसद्को खानेपानी तथा पूर्वाधारसँग सम्बन्धित समितिको गत साताको बैठकमा काठमाडौँ निर्वाचन क्षेत्र नं ३ का सांसद राजुनाथ पाण्डेले गोकर्णेश्वर क्षेत्रमा खानेपानीको समस्या समाधान नभए मेलम्चीको पानी राजधानीमा आपूर्ति हुन नदिने चेतावनी दिएका थिए ।

शनिबार उनले सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रतिनिधिसँग बैठक गरी स्थानीय समस्या समाधानका लागि आवश्यक पहल गर्न निर्देशन दिए ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका–१ बाट २७.५ किलोमिटर सुरुङमार्फत सुन्दरीजल आइपुग्ने मेलम्चीको पानी यहीँ प्रशोधन गरी राजधानीमा वितरण गरिन्छ । यसका साथै वाग्मती नदीको पानी पनि सुन्दरीजलबाट प्रशोधन गरी उपत्यकाका विभिन्न क्षेत्रमा वितरण हुँदै आएको छ तर पानीको स्रोतस्थल आसपासका बासिन्दा भने अझै नियमित खानेपानी सेवाबाट वञ्चित छन् ।

कागेश्वरी मनोहरा नगरपालिका–३ भद्रवासकी सावित्री सापकोटाले १० लिटर खानेपानीका लागि गोकर्णेश्वर नगरपालिका–१ रुप्सेटारस्थित सार्वजनिक धारासम्म करिब आधा घण्टा पैदल जानुपर्ने र पानी भर्ने पालोको प्रतीक्षामा दुई घण्टासम्म समय खर्चिनुपर्ने बाध्यता सुनाउनुभयो । 'धारामा सधैँ लामो लाम हुन्छ, घण्टौँको प्रतीक्षा पछिमात्र पालो आउँछ,' उनी दुःखेसो पोख्छन् ।

सोही वडाका केशवप्रसाद पुडासैनीले नगरपालिकाले विभिन्न खानेपानी आयोजना सम्पन्न गरेको दाबी गरे पनि दिगो व्यवस्थापन नहुँदा संविधानले प्रत्याभूत गरेको स्वच्छ खानेपानीको अधिकारबाट स्थानीयवासी वञ्चित हुनुपरेको गुनासो गरे ।

गोकर्णेश्वर नगरपालिकाका प्रवक्ता नारायणबहादुर सुवेदीले नगरपालिकाले आफ्नै बजेटबाट आवश्यक पाइप बिछ्याएर केयुकेएललाई हस्तान्तरण गरे पनि अपेक्षित रूपमा खानेपानी वितरण हुन नसकेको स्वीकार गरे ।

स्थानीयवासी प्रेम श्रेष्ठका अनुसार सुन्दरीजलस्थित पुरानो वाग्मती पानी प्रशोधन केन्द्र लामो समयदेखि प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा स्थानीय क्षेत्रमा शुद्ध पानी वितरण प्रभावित भएको छ । उनले केन्द्रको शीघ्र मर्मत गरी स्थानीय बासिन्दालाई नियमित र स्वच्छ खानेपानी उपलब्ध गराउन माग गरे ।

केयुकेएलका प्रबन्ध निर्देशक रामरतन साहले सुन्दरीजल क्षेत्रमा समस्या पुरानो वितरण प्रणालीका कारण भएको बताए । पञ्चायतकालमा निर्माण गरिएको पाइपलाइन अहिलेको जनघनत्व धान्न नसक्ने अवस्थामा पुगेकाले नयाँ वितरण प्रणाली निर्माण गर्ने विषयमा सांसद पाण्डेसँग सहमति भएको उनले जानकारी दिए ।

यसैबीच, सुन्दरीजलको वाग्मतीतर्फको पुरानो पानी प्रशोधन केन्द्र प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा बौद्ध क्षेत्रसम्म वितरण हुने पानी धमिलो हुने गरेको अत्तरखेलका स्थानीयवासी नोर्साङ शेर्पाले गुनासो गरे ।

उनका अनुसार यस्तो पानी प्रयोग गर्दा कपडा राम्रोसँग सफा नहुने र नुहाएपछि शरीर चिलाउने समस्या हुने गरेको छ। नागरिक समाजले एक दशकदेखि यो विषय उठाउँदै आए पनि सम्बन्धित निकायबाट प्रभावकारी सुनुवाइ नभएको उनले बताए ।

## ‘मधेशी भएकै कारण फिल्मबाट हटाइयो’:

# अभिनेत्री कर्णको आरोपपछि ‘चिरञ्जीवि भवः’ विवादमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
छायांकनको क्रममा रहेको नेपाली फिल्म ‘चिरञ्जीवि भवः’ अभिनेत्री काजल कर्णले जातीय तथा क्षेत्रीय विभेदको आरोप लगाएपछि विवादमा परेको छ । कर्णले आफू मधेशी भएकै कारण अपमानित बनाइएको र अन्ततः फिल्मबाट हटाइएको दाबी गरेकी छन् भने फिल्म पक्षले ती आरोपलाई अस्वीकार गरेको छ।

शुक्रबार राति सामाजिक सञ्जालमार्फत सार्वजनिक धारणा राख्दै कर्णले फिल्मको सेटमा आफूलाई ‘मधेशिनी’ भनेर होच्याउने, वर्ण तथा भौगोलिक पहिचानका आधारमा उपहास गर्ने र केही प्राविधिक तथा छायांकन टोलीका सदस्यबाट अपमानजनक व्यवहार भएको आरोप लगाएकी छन् । उनले घटनामा संलग्न भएको दाबी गर्दै केही प्राविधिक सदस्यहरूको नामसमेत सार्वजनिक गरेकी छन्।

मैथिली, भोजपुरी र नेपाली भाषाका ३५० भन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेकी कर्णले आफूलाई फिल्मबाट हटाइएपछि काम गरेको पारिश्रमिकसमेत नदिइएको आरोप लगाएकी छन्। नेपाली चलचित्र क्षेत्रमा कुनै कलाकारले आफू मधेशी भएकै कारण परियोजनाबाट हटाइएको दाबी सार्वजनिक रूपमा गरेको घटना सम्भवतः पहिलोपटक भएको बताइएको छ।

यता, फिल्मका निर्देशक दीपक आचार्य ‘काकु’ले कर्णका सबै आरोप अस्वीकार गर्दै ती निराधार रहेको बताएका छन् । सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै उनले कर्णले यस विषयमा आफूलाई पूर्वजानकारी नदिएको उल्लेख गरेका छन् । निर्देशक आचार्यका अनुसार यदि छायांकन टोलीका कुनै सदस्यबाट विभेदपूर्ण व्यवहार भएको प्रमाणित भएमा सम्बन्धित व्यक्तिमाथि तत्काल कारबाही गरिनेछ। उनले कर्णले अभिनय गरेका सम्पूर्ण दृश्यहरूको फुटेज सुरक्षित रहेको उल्लेख गर्दै गोबर सोहर्न लगाइएको लगायतका आरोप प्रमाणसहित पुष्टि गर्न चुनौती दिएका छन्।

पारिश्रमिक सम्बन्धी आरोपबारे उनले फिल्म निर्माणको स्थापित अभ्यासअनुसार सबै कलाकारलाई डबिङ सम्पन्न भएपछि तेस्रो किस्ताको भुक्तानी गरिने व्यवस्था रहेको स्पष्ट पारेका छन् । यस घटनाप्रति नेपाल चलचित्र कलाकार संघले पनि गम्भीर चासो व्यक्त गरेको छ । संघले हालसम्म औपचारिक उजुरी नपरेको जनाउँदै दुवै पक्षलाई छलफलका लागि बोलाइएको जानकारी दिएको छ। संघद्वारा जारी विज्ञप्तिमा आरोपहरूको प्रकृति संवेदनशील र गम्भीर रहेकाले आवश्यक छलफल तथा तथ्यगत अनुसन्धानपछि मात्र निष्कर्षमा पुग्न सकिने उल्लेख गरिएको छ । साथै, सामाजिक सञ्जालमार्फत

आरोप–प्रत्यारोपलाई थप उग्र बनाउनुको सट्टा संयमित संवाद र आपसी समझदारीमार्फत विवाद समाधान गर्न दुवै पक्षलाई आग्रह गरिएको छ।



**रोपाइँका लागि माटो सम्याउँदै ट्याक्टरचालकः** महोत्तरीको जलेश्वर नगरपालिका–८ बजराही गाउँमा मनसुन लागेसँग रोपाइँका लागि माटो सम्याउँदै ट्याक्टरचालक। यसपालि समयमा मनसुन नभएका कारण धान रोप्न ढिलो भएको छ। तस्बिरः सञ्जीतकुमार मण्डल

# माजिद अन्सारीमाथि प्रहरी दमनको विरोधमा जनकपुरमा प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जेन्जी अभियन्ता माजिद अन्सारीमाथि प्रहरीले दमन गरेको आरोप लगाउँदै जनकपुरधाममा युवाहरूले विरोध प्रदर्शन गरेका छन् । किर्तिपुरस्थित होल्डिङ सेन्टरमा सुकुम्बासीहरूको अवस्था बुझ्न पुगेका अन्सारीसहित जेन्जी आन्दोलनमा आबद्ध युवाहरुलाई प्रहरीले नियन्त्रणमा लिएर कुटपिट गरेको भन्दै उनीहरूले सरकार र प्रहरी प्रशासनविरुद्ध प्रदर्शन गरेका हुन्।

आइतबार जनकपुरधामको रामानन्द चोकमा जेनजी युवाहरूले विभिन्न सरकारविरोधी प्लेकार्ड बोकेर नाराबाजी गरेका थिए। उनीहरूले शान्तिपूर्ण रूपमा सामाजिक अभियानमा संलग्न युवामाथि बल प्रयोग गरिएको भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा पक्राउ परेकाहरूको रिहाइको माग गरेका थिए।

विरोध कार्यक्रममा बोल्दै जेनजी मुभमेन्ट एलायन्सका मधेश प्रदेश प्रतिनिधि नइम राइनले राज्यले प्रहरी परिचालन गरेर गुण्डा शैलीमा दमन गरेको आरोप लगाए । उनले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण आन्दोलन गर्ने अधिकारमाथि हस्तक्षेप स्वीकार्य नहुने बताए।

राइनले सरकार र प्रहरी प्रशासनले दमनकारी शैली नत्यागे आन्दोलनलाई थप सशक्त बनाइने चेतावनी दिँदै नागरिकको अधिकारको संरक्षणका लागि जेनजी आन्दोलन निरन्तर अघि बढ्ने बताए।

# अत्याधुनिक ब्लड टेस्ट मेसिन सञ्चालनमा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको बहुअरीस्थित वीरगंज हेल्थ केयर सेन्टरले अत्याधुनिक ब्लड टेस्ट मेसिन सञ्चालनमा ल्याएको छ । नयाँ प्रविधियुक्त मेसिनको आइतवार औपचारिक शुभारम्भ भएको हो । मेसिन सञ्चालनमा आएसँगै अब बिरामीले सहज, सुलभ, छिटो, भरपर्दो र गुणस्तरीय रक्त परीक्षण सेवा प्राप्त गर्ने अस्पतालले जनाएको छ।



अस्पतालका अनुसार मेसिनमा विभिन्न प्रकारका ब्लड टेस्टका साथै क्यान्सरसँग सम्बन्धित केही आवश्यक परीक्षणहरू समेत आधुनिक प्रविधिबाट गर्न सकिनेछ । परीक्षणको नतिजा पनि कम समयमा उपलब्ध हुने भएकाले बिरामीलाई सहज हुने विश्वास गरिएको छ।

अस्पतालमा आइतबार मेसिनबाट सेवा शुभारम्भ गरिएको छ । कार्यक्रममा वीरगंजका वरिष्ठ उद्योगपति बाबुलाल चाचान, मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउत, वरिष्ठ पत्रकार जगदीश शर्मालगायतले रक्त परीक्षण गराएर सेवाको औपचारिक सुरुवात गरेका थिए।

अस्पतालका निर्देशक डा. अबुल हैसले अत्याधुनिक प्रविधियुक्त मेसिन सञ्चालनमा आएपछि कम शुल्कमा छिटो र विश्वसनीय परीक्षण सेवा उपलब्ध हुने बताए।

उनले यसअघि सामान्य परीक्षणका लागि पनि बाहिर जानुपर्ने बाध्यता अब धेरै हदसम्म अन्त्य हुने विश्वास व्यक्त गर्दै यसबाट वीरगंज तथा आसपासका जिल्लाका नागरिकलाई ठूलो राहत पुग्ने बताए।

अस्पतालले आगामी दिनमा पनि आधुनिक स्वास्थ्य सेवा विस्तार गर्दै बिरामीमैत्री तथा गुणस्तरीय उपचार सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

# मधेशमा कांग्रेसका सबैभन्दा बढी क्रियाशील सदस्यः महामन्त्री पौडेल

**वीरगंज।**
नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले मधेशमा नेपाली कांग्रेसका सबैभन्दा बढी क्रियाशील सदस्य रहेको उल्लेख गर्दै मुस्लिम जनजाति, दलित, पिछडाबर्गलाई प्राथमिकताका साथ समेट्नुपर्ने कुरामा जोड दिए।

नेपाली कांग्रेस पर्सा जिल्ला कार्यसमितिको आयोजनामा वीरगन्जमा सम्पन्न ‘क्रियाशील सदस्यता सचेतना कार्यक्रम’ लाई सम्बोधन गर्दै महामन्त्री पौडेलले पार्टी सङ्गठनलाई थप सुदृढ बनाउने, क्रियाशील सदस्यता वितरण तथा नवीकरण प्रक्रियालाई प्रभावकारी, पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले यो कार्यक्रम देशैभर आयोजना गरिएको बताए।

उनले क्रियाशील सदस्यता पार्टीको मेरुदण्ड भएकाले सदस्यता वितरण र नवीकरण प्रक्रियामा कुनै पनि प्रकारको पक्षपात, ढिलासुस्ती वा अन्योल हुन नहुने कुरामा जोड दिए।

महामन्त्री पौडेलले कार्यकर्ताको सक्रिय सहभागिता, अनुशासन र जनतासँगको निरन्तर सम्पर्कले मात्रै पार्टीप्रतिको विश्वास अझ मजबुत हुने उल्लेख गर्दै आगामी निर्वाचनलाई लक्षित गरी अहिलेबाटै गाउँ–टोलसम्म सङ्गठन विस्तार र सुदृढीकरणमा जुट्न नेता–कार्यकर्तालाई आग्रह गरे । नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्री को अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्यहरू रमेश रिजाल, अजयकुमार चौरसिया, सुरेन्द्र चौधरी, रामरूप प्रसाद कुर्मी, जिल्ला उपसभापति रामनारायण कुर्मी, सचिवद्वय दिनेश चौधरी र इम्तियाज आलम, क्षेत्र नं. १ का क्षेत्रीय सभापति अरविन्द गुप्ता, उपसभापति अनिल सिंह, महाधिवेशन प्रतिनिधि राकेश सिंह, महिला नेतृ किरण सरकार, मनोजा चौधरी लगायत क्रियाशील सदस्य तथा पार्टीका नेता–कार्यकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूलाई क्रियाशील सदस्यता वितरण, नवीकरण, अभिलेखीकरण तथा सङ्गठन विस्तारसम्बन्धी विषयमा विस्तृत जानकारी गराइएको थियो । साथै, सदस्यता व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै पार्टीको सङ्गठनलाई तल्लो तहसम्म सशक्त बनाउने विषयमा समेत छलफल गरिएको नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्रीले जानकारी दिए।

# कांग्रेस नीति तथा प्रतिष्ठानमा छ उपसमितिका संयोजक चयन

**ललितपुर।**
नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा ६ उपसमितिको संयोजक चयन गरिएको छ।

प्रतिष्ठानका संयोजक एवं पार्टी उपसभापति विश्वप्रकाश शर्माले सङ्गठनलाई थप प्रभावकारी बनाउन आइतबार छ वटा उपसमिति गठन गरी संयोजकको जिम्मेवारी तोकेका हुन् । उनले अपाङ्गता संवाद, समन्वय र सशक्तिकरण उपसमितिमा प्रकाश पन्थ, आदिवासी जनजाति संवाद, समन्वय र सशक्तिकरण उपसमितिमा रेशम गुरुङ, दुव्र्यसनमुक्त समाजका लागि सचेतना र समन्वय उपसमितिमा डा. डीबी सुनार तथा पूर्वआप्रवासी समन्वय तथा अभिप्रेरणा अभियान उपसमितिमा विज्ञान प्रसाईंलाई संयोजकको जिम्मेवारी दिइएको बताए।

यस्तै सार्थक सम्प्रेषण उपसमितिमा मोहन गजुरेल र कृषि तथा कृषि उद्यम उपसमितिमा सिताराम काफ्लेलाई संयोजकको जिम्मेवारी दिइएको छ। उपसभापति शर्माको अध्यक्षतामा यही असार २५ र २६ गते बसेको बैठकको निर्णयानुसार उनीहरुलाई उपसमितिको संयोजक तोकिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए।

बैठकले उपसमिति संयोजकहरुको मनोनयनका साथै प्रतिष्ठानको आगामी कार्यदिशा र विविध विषयमा समेत महत्वपूर्ण निर्णय गरेको सो पार्टीले जनाएको छ।

# अधुरो सार्वजनिक संरचना अलपत्र



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको रामगोपालपुर नगरपालिका–६ मा निर्माणाधीन एक सार्वजनिक संरचना अधुरै अवस्थामा अलपत्र परेपछि स्थानीयवासीले विकास निर्माणप्रतिको बेवास्ताप्रति असन्तुष्टि जनाएका छन्।

निर्माण सम्पन्न नहुँदा सरकारी लगानी उपयोगविहीन बनेको भन्दै स्थानीयले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । उनीहरूका अनुसार ठूलो महत्वका साथ सुरु गरिएको निर्माण कार्य केही समयपछि नै रोकिएको थियो । त्यसयता काम पुनः सुरु हुन नसक्दा संरचना दिनप्रतिदिन जीर्ण बन्दै गएको छ।

हाल संरचनाको वरिपरि झाडी र घाँस उम्रिएको छ भने निर्माण सामग्रीसमेत बेवारिसे अवस्थामा छ। अधुरो छाना, अपूरा पर्खाल तथा बीचमै रोकिएको आरसीसी संरचनाका कारण भवन प्रयोगविहीन मात्र नभई जोखिमपूर्णसमेत बनेको स्थानीयवासीको भनाइ छ।

स्थानीयले विकासका नाममा बजेट विनियोजन भए पनि योजना समयमै सम्पन्न नहुँदा राज्यको लगानी खेर गएको गुनासो गरेका छन्। निर्माण कार्य किन रोकिएको हो भन्ने विषय सार्वजनिक गरी तत्काल काम पुनः सुरु गरेर संरचनालाई उपयोगमा ल्याउन उनीहरूले सम्बन्धित निकायसँग माग गरेका छन्।

यद्यपि, उक्त संरचना कुन उद्देश्यका लागि निर्माण थालिएको थियो, कति लागतमा ठेक्का सम्झौता भएको थियो र निर्माण किन रोकियो भन्ने विषयमा सम्बन्धित निकायले हालसम्म कुनै आधिकारिक जानकारी सार्वजनिक गरेको छैन।

स्थानीयवासीले विकास आयोजनाको नियमित अनुगमन, पारदर्शी कार्यान्वयन र समयमै सम्पन्न हुने वातावरण सुनिश्चित गर्न आग्रह गर्दै अधुरा आयोजनालाई प्राथमिकताका साथ पूरा गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# जोखिम न्यूनीकरणका लागि नदी नियन्त्रण संरचनाको मर्मत तीव्र



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको रतवाडा क्षेत्रमा बाढी तथा नदी कटानको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नदी नियन्त्रण संरचनाको मर्मत कार्य तीव्र पारिएको छ।

नदी नियन्त्रण कार्यालयले वर्षायाममा नदीको बहाव बढेसँगै हुन सक्ने कटान र डुबानको जोखिमलाई मध्यनजर गर्दै तटबन्ध तथा संरक्षण संरचनाको मर्मत, कमजोर स्थानको सुदृढीकरण र आवश्यक क्षेत्रमा थप संरक्षणको कामलाई प्राथमिकताका साथ अघि बढाएको जनाएको छ।

कार्यालयका अनुसार वर्षाको समयमा सम्भावित क्षति न्यूनीकरण गर्न जोखिमयुक्त स्थानमा आवश्यक तयारीसमेत तीव्र बनाइएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले पनि नदी नियन्त्रणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको जनाएको छ । प्रशासनले नदी आसपासका बासिन्दालाई सतर्क रहन तथा कुनै जोखिम देखिए तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको छ।

स्थानीयवासीले वर्षायामअघि नै नदी नियन्त्रण संरचनाको मर्मत सुरु गरिएकोमा सकारात्मक प्रतिक्रिया दिएका छन्। उनीहरूले दीर्घकालीन रूपमा बाढी र कटानबाट सुरक्षा सुनिश्चित गर्न गुणस्तरीय निर्माण, नियमित अनुगमन तथा समयमै मर्मतसम्भारलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका छन्।

वर्षायाम सक्रिय भएसँगै महोत्तरीका नदी तटीय क्षेत्रमा बाढी र कटानको जोखिम बढ्दै गएको भन्दै नदी नियन्त्रण कार्यालयले उच्च जोखिम भएका क्षेत्रमा आवश्यक तयारीलाई अझ प्रभावकारी बनाइएको जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन